# प्रभाव दैनिक
National Daily



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com



वर्ष १० | अंक २८२ | काठमाडौं | शनिबार, २७ माघ २०८० | Prabhab National Daily | Saturday, February 10, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-




लालझाडी गाउँपालिकाको डाँडाजाइका राना थारु समुदायका व्यक्ति बेतको टोकरी बुन्दै । *तस्बिर: राजेन्द्रप्रसाद पनेरु/रासस*

## कोशीमा दोस्रोपटक मन्त्रिपरिषद् विस्तार

**मोरङ (प्रस)–** कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले दोस्रोपटक मन्त्रिपरिषद् विस्तार गरेका छन् । मुख्यमन्त्री कार्कीले शुक्रबार स्वास्थ्यमन्त्रीमा कांग्रेसका प्रदीप सुनुवार र उद्योग, कृषि तथा सहकारीमन्त्रीमा कांग्रेसका रामकुमार खत्री तथा सामाजिक विकासमन्त्रीमा नेकपा माओवादी केन्द्रका राजेन्द्र कार्की र खानेपानी, सिँचाइ तथा ऊर्जामन्त्रीमा माओवादीका नारायणबहादुर बुर्जामगरलाई नियुक्त गरेका हुन् ।

उनले दुई कांग्रेसका प्रदेशसभा सदस्यलाई राज्यमन्त्रीमासमेत नियुक्त गरेका छन् । आर्थिक मामिला तथा योजना राज्यमन्त्रीमा इन्दिरा थापा र आन्तरिक मामिला तथा कानुन राज्यमन्त्रीमा सुनिताकुमारी गुरुङ राम नियुक्त भएकी हुन् । नवनियुक्त मन्त्रीहरूलाई प्रदेश प्रमुख पर्शुराम खापुङले पद तथा गोपनीयताको शपथ गराएका छन् ।

यसअघि आन्तरिक मामिला तथा कानुनमन्त्रीमा शमशेर राई, पर्यटन, वन तथा वातावरण मन्त्रीमा गणेश उप्रेती र भौतिक पूर्वाधार विकासमन्त्रीमा कमलप्रसाद जबेगु नियुक्त भएका थिए ।

## करिब ३२ प्रतिशत व्यापारिक संस्था दर्ताविनै सञ्चालनमा

**काठमाडौं–** मुलुकभित्र सञ्चालनमा रहेका थोक तथा खुद्रा व्यापार गर्ने कूल चार लाख ९८ हजार ५८ व्यापारिक प्रतिष्ठानमध्ये ६८.२३ प्रतिशत कुनै न कुनै सरकारी निकायमा दर्ता भएको र ३१.८ प्रतिशत प्रतिष्ठान दर्ताविनै सञ्चालन भइरहेको तथ्यांक सार्वजनिक भएको छ ।

राष्ट्रिय तथ्यांक कार्यालयले शुक्रबार सार्वजनिक गरेको नेपाल व्यापार सर्वेक्षण, २०७८ ले यस्तो तथ्यांक देखाएको हो । सर्वेक्षणअनुसार सबैभन्दा बढी मधेस प्रदेशमा सञ्चालित ४८ प्रतिशत व्यापारिक प्रतिष्ठान दर्ताविनै सञ्चालन भइरहेको देखिएको छ ।

**नेपाल व्यापार सर्वेक्षण**

त्यस्तै कोशी प्रदेशका ३८.५, कर्णालीका ३३.८, सुदूरपश्चिमका २८.८, लुम्बिनीका २६.९, गण्डकीका २५.१ र बागमतीका २४.७ प्रतिशत व्यापारिक प्रतिष्ठान दर्ताविनै सञ्चालन भइरहेका छन् ।

थोक व्यापार गर्ने ६.४२, खुद्रा व्यापार गर्ने ३३.३८ र सवारी व्यापार तथा मर्मतसम्भार गर्ने २२.५४ प्रतिशत संस्था दर्ताविनै सञ्चालन भइरहेको पनि सर्वेक्षणबाट देखिएको छ ।

सर्वेक्षण प्रतिवेदनअनुसार व्यापार क्षेत्रमा ११ लाख ३० हजार ६४५ जना मानिस संलग्न छन् । सोमध्ये महिला चार लाख तीन हजार ९६४ जना अर्थात् ३६ प्रतिशत र पुरुष सात लाख २६ हजार ६८१ जना अर्थात् ६४ प्रतिशत रहेका छन् । दर्ता भएका चार लाख ९८ हजार ५८ व्यापारिक प्रतिष्ठानमध्येमा ७४.२ प्रतिशतमा पुरुष र २५.८ प्रतिशत महिलाको नाममा दर्ता छन् ।

व्यापारमा आबद्ध व्यक्तिमध्ये सबैभन्दा धेरै बागमती प्रदेशका ३२.९ प्रतिशत रहेका छन् । त्यस्तै लुम्बिनी प्रदेशका १६.४, कोशीका १६.८, मधेसका १४.३, गण्डकीका ९.५, सुदूरपश्चिमका ५.९ र कर्णालीका ४.२ प्रतिशत रहेका छन् । व्यापारमा जोडिएका कूल व्यक्तिको संख्यामध्ये खुद्रा व्यापारमा मात्र ८८.६५ प्रतिशत व्यक्ति आबद्ध रहेको सर्वेक्षणबाट देखिएको छ ।

व्यापार व्यवसायमा संलग्न रहेका अधिकांश व्यक्ति जागिर गर्नेभन्दा पनि आफ्नो व्यवसायमा आबद्ध हुने गरेको पाइएको छ ।

(क्रमशः पृष्ठ २ मा)

रवि लामिछानेलक्षित गगन

# उहाँलाई 'भगवान् हुँ' भन्ने छुट छ



- जसले संविधान मानेको जस्तो देखाउँछ । जसले चुनावमा गएजस्तो गर्छ । यसले ४६ सालको आन्दोलन मान्दैन । ६२/६३ सालको आन्दोलन मान्दैन । हाम्रो संघर्षको उपहास गर्छ । यसले विधि मान्दैन । प्रक्रिया मान्दैन ।
- एउटा नेपाली नागरिकले सहकारीमा ठगे दण्ड हुन्छ । भ्रष्टाचारी भिआइपी हुँदैन । ठग भिआइपी हुन सक्दैन । अराजक भिआइपी हुँदैन ।

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली कांग्रेसका महामन्त्री गगन थापाले राजावादी र राष्ट्रिय स्वतन्त्र पार्टीबाट संविधानमाथि प्रहार सुरू भएको आरोप लगाएका छन् । राजावादी दलले पहिलेबाटै र रास्वपाले जनताको संघर्षको उपहास गर्दै संविधानमाथि प्रहार गरिरहेको गगनले आरोप लगाएका हुन् ।

'संविधानलाई कयौं कोणबाट प्रहार भइरहेको छ । यस्तो अवरोधहरू आइराख्छ । अवरोध चिनौं र चिरौं । एउटा पात्र छ जसलाई हामीले नहराएका पनि होइन । उसको हातबाट खोसेर हामीले जनतालाई हक दिएका छौं,' शुक्रबार महामन्त्री थापाले भने, 'संविधानमाथि प्रहार गर्ने अर्को प्रवृत्ति आएको छ । जसले संविधान मानेको जस्तो देखाउँछ । जसले चुनावमा गएजस्तो गर्छ । यसले ४६ सालको आन्दोलन मान्दैन । ६२/६३ सालको आन्दोलन मान्दैन । हाम्रो संघर्षको उपहास गर्छ ।'

रवि लामिछानेको नेतृत्वतिर लक्ष्य गर्दै गगनले उक्त दलले आफूलाई भगवान् हुँ भनेर दाबी गर्न पाउने तर्क गरे । 'जसले विधि मान्दैन । प्रक्रिया मान्दैन । ऊ जादूगर बनेर आउँछ । लोकरिझ्याइँ गर्दै संविधानमाथि प्रहार गर्छ । यस्तो विषय चिर्न कांग्रेसलाई नयाँ दललाई जस्तो छुट हुँदैन । हामी संघको सबैभन्दा ठूलो पार्टी,' उनले भने, 'अर्को पार्टीको साथीले भन्न पाउनुहुन्छ । यी त मानिसहरू हुन् । म त भगवान् हुँ । मेरो त १० वटा हात छ । मेरो त १० वटा टाउको छन् । म त जादूगर हुँ । मसँग अचुक अस्त्र छ । म रातारात कायपलट गर्दिन्छु । चमत्कार गर्छु भनेर भन्न पाउनुहुन्छ । हामीले पाउँदैनौं । हामीले डेलिभरी दिनैपर्छ । सम्हाल्ने काम हाम्रो प्रत्येक तहका अध्यक्षले, प्रत्येक वडाका अध्यक्षले आफ्नो काम देखाउन सक्नुपर्छ ।'

डेलिभरी दिने विषयमा कांग्रेस अझै हारिरहेको थापाले बताए । गगनले सभापति लामिछानेमाथि ठग र अराजक भएको आरोपसमेत लगाएका छन् । माघ २४ गतेको प्रतिनिधिसभा बैठकमा लामो समयदेखि राजनीतिमा रहे पनि गफ गर्नेबाहेक कुनै काम गर्न नसकेको आरोप खेपेका थापाले शुक्रबार लामिछानेमाथि ठग र अराजकको आरोप लगाएका हुन् ।

शुक्रबार नेपाली कांग्रेस काठमाडौंको जिल्ला सम्मेलनमा ठगहरू भिआइपी हुन नसक्ने भन्दै त्यस्तालाई शक्तिको आडमा राज्यले छुट दिन नहुने बताए । 'एउटा नेपाली नागरिकले देशको सार्वजनिक सम्पत्ति लुटेर लिए दण्ड हुन्छ । एउटा नेपाली नागरिकले सहकारीमा ठगे दण्ड हुन्छ । भ्रष्टाचारी भिआइपी हुँदैन । ठग भिआइपी हुन सक्दैन । अराजक भिआइपी हुँदैन,' उनले लामिछानेलाई लक्षित गर्दै भने, 'सुशासनलाई कांग्रेसले मन्त्र बनाउनुपर्छ । दोषी जोसुकै होस् । उम्कन हुन्न । कानुन सबैका लागि बराबर हुनुपर्छ । भिआइपीका नाममा सरकारले छुट दिन हुँदैन ।'

लामिछानेमाथि केही सहकारीको रकम हिनामिना गरेको आरोप छ । कास्कीमा उनीविरुद्ध उजुरी परेको छ । थापाले माघ २४ गतेको प्रतिनिधिसभा बैठकमा पनि लामिछानेमाथि सहकारी ठगीमा कारबाहीको माग गरेका थिए ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भ: वैदेशिक रोजगार**

# उपचार नपाउँदा पोर्चुगलमा नेपाली युवतीको बिचल्ली

■ **भरत प्रधान**

**लिस्बन (पोर्चुगल)-** पोर्चुगलमा रोजगारीका लागि पुगेकी एक नेपाली चेली सडक दुर्घटनामा परी गम्भीर घाइते भएर उपचार नपाउँदा बिचल्लीमा परेकी छन् ।

वैदेशिक रोजगारीको सिलसिलामा दुई वर्षअघि पोर्चुगल आएकी सिन्धुली जिल्ला मरिण-३ की २९ वर्षीया सुस्मिता मोक्तान उपचार अभावमा बिचल्लीमा परेकी हुन् । सडक पार गर्ने क्रममा कारको ठक्करबाट गम्भीर घाइते भएकी उनी औषधि उपचारको अभावमा ओछ्यानमै थलिएर बस्न बाध्य छिन् ।

गत जनवरी १० तारिखका दिन कामबाट फर्कने क्रममा मोन्तिजोमा साँझ ७ बजेतिर जेब्रा क्रसिङबाट बाटो काट्दै गरेकी उनलाई तीव्रगतिमा आएको कारले एक्कासि ठक्कर दिएको थियो । कारको ठक्करबाट गम्भीर घाइते भएकी उनको दाहिने हात र देब्रे हिप भाँचिएको छ । दुर्घटनाले हिपदेखि मुनिको देब्रे खुट्टा नचल्ने भएको छ । कारको ठक्करबाट उछिट्टिएर सडकको छेउमा रगताम्मे अवस्थामा ढलेकी उनको अनुहारमासमेत चोट लागेको छ । हिप फ्याक्चर भई देब्रे



खुट्टा नचल्ने भएपछि पीडित मोक्तान ओछ्यानमै थला परेकी एक महिना हुन लागेको छ । सामान्य उपचारबाट समेत वञ्चित भएकी उनको स्थिति दिनप्रतिदिन नाजुक बन्दै गएको छ ।

दुर्घटनापश्चात् प्रत्यक्षदर्शीले प्रहरीलाई खबर गरेपछि उनलाई तत्काल मोन्तिजोस्थित बरेइरो अस्पताल पुऱ्याइएको थियो । कार चालक भने फरार भएका थिए । उपचारका लागि अस्पताल पुऱ्याइए पनि अस्पतालले हातको मात्रै शल्यक्रिया गरी खुट्टाको उपचार नै नगरी घर पठाएको पीडित मोक्तानले दुःखेसो पोखिन् । खुट्टाको उपचारका लागि अस्पतालसँग धेरै अनुरोध गरे पनि उपचार नै नगरी घरमै आराम गर्नु भनी अस्पतालले जबर्जस्ती डिस्चार्ज गरेको उनले बताइन् ।

रोजगारदाता मोन्तिजोस्थित ट्रान्सएटलान्टिको टरभालो टेम्पोरेरिया एलडिए कम्पनीले समेत उपचारमा बेवास्ता गरेपछि विक्षिप्त बनेकी मोक्तानले उपचारका लागि सहयोगको याचनासमेत गरेकी छन् । 'उपचारै नपाउँदा म त मुढाजस्तै ढलिरहेको छु । न त उठ्न, चल्न सक्छु, न त दिसापिसाब नै गर्न सक्छु । विदेशी भूमिमा मेरो रेखदेख र स्याहारसुसार गरिदिने पनि कोही छैन ।

(क्रमशः पृष्ठ २ मा)

## मताधिकार सुनिश्चित गर्न आयोगको चासो

**काठमाडौं (प्रस)–** प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले सर्वोच्च अदालतको निर्देशात्मक आदेशबमोजिम विदेशमा रहेका नेपाली मतदाताको मताधिकार सुनिश्चित गर्न आयोग तत्पर रहेको बताएका छन् । अदालतले २०७४ चैत ७ मा उक्त आदेश दिएको थियो ।

संसद्मा रहेका राजनीतिक दलसँग शुक्रबार आयोगमा भएको परामर्श बैठकमा प्रमुख आयुक्त थपलियाले उक्त सवालसमेतलाई सम्बोधन गरी निर्वाचन व्यवस्थापन विधेयकको मस्यौदा गत असार १८ गते नेपाल सरकार, गृह मन्त्रालयमा पेस गरिएकोमा हालसम्म सदनमा प्रस्तुत नभएको बताए ।

उनले विभिन्न तहमा रिक्त पदमा हुने उपनिर्वाचनमा मताधिकार वृद्धि गर्न नामावलीमा दर्ता हुनुपर्नेमा जोड दिए ।

## माल्टा पठाइदिने नाममा ठगी गर्ने पक्राउ

**काठमाडौं (फस)-** वैदेशिक रोजगारीका लागि माल्टा पठाइदिने भन्दै पाँच लाख रूपैयाँ रकम ठगी गरेको अभियोगमा एक जनालाई प्रहरीले पक्राउ गरी शुक्रबार सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा पर्साको वीरगञ्ज महानगरपालिका-१४ घर भई हाल काठमाडौं महानगरपालिका-३२ शान्तिनगर बस्ने धीरज पटेल रहेका काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता तथा प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले जानकारी दिए ।

उनले भने, 'पक्राउ परेका पटेलले विवेक यादवलाई वैदेशिक रोजगारीका लागि माल्टा पठाइदिने भन्दै पीडितबाट पटक-पटक गरी पाँच लाख रूपैयाँ लिई सम्पर्कविहीन भएपछि खोजी गर्ने क्रममा बिहीबार बबरमहलबाट पक्राउ गरी शुक्रबार सार्वजनिक गरेका हौं ।'


जनहितमा जारी सन्देश

**जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरू**

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरू गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरू हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरू अपनाऔं:

- हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने
- कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नतापौं
- आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं
- आगो तापिसकेपछि त्यसलाई पूर्ण रुपमा निभाउने गरौं
- हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं
- सुत्नुअघि अनिवार्य रूपमा हिटर बन्द गरौं
- गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं
- गिजर खोलेर लामो समयसम्म बाथरूममा बस्ने नगरौं
- गिजर प्रयोग गरेर नुहाउँदा संभव भएसम्म बाथरूमको झ्याल बन्द नगरौं

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

## पृष्ठ १ बाट क्रमशः

### करिब ३२ प्रतिशत...

सर्वेक्षणले यस क्षेत्रमा तलब ज्याला र अन्य सुविधा लिई काम गर्नेभन्दा तलब त्याला र अन्य सुविधा नलिइ परिवारका सदस्य नै काममा सन्तान रहेका व्यक्तिको संख्या बढी रहेको देखिएको छ। यस क्षेत्रमा संलग्न जम्मा कामदारमध्ये तलब ज्याला र अन्य सुविधा पाउने कामदारको संख्या दुई लाख १९ हजार ५५१ छ। जसमा महिला ४५ हजार नौ जना अर्थात् २०.५० प्रतिशत र पुरुष एक लाख ७४ हजार ५४२ जना अर्थात् ६०.६० प्रतिशत छन्।

तलवी कामदार भएका व्यापारिक प्रतिष्ठानको तलब ज्याला र अन्य सुविधामा प्रतिप्रतिष्ठान औसत वार्षिक छ लाख चार हजार ९१२ रूपैयाँ खर्च हुने गरेको देखिएको छ। त्यस्तै प्रतिकामदार औसत वार्षिक दुई लाख आठ हजार ४९४ रूपैयाँ खर्च देखिन्छ।

होलसेल व्यापार, खुद्रा व्यापार र सवारीसाधन तथा मर्मतसम्भार व्यापार गरी तीनवटा क्षेत्रमा विभाजन गरी अध्ययन गरिएको छ। जसमा सबैभन्दा धेरै मुनाफा (मार्जिन) सवारीसाधन तथा मर्मतसम्भारमा देखिएको छ। यस क्षेत्रमा २४.०२ प्रतिशत मार्जिन देखिएको छ। त्यस्तै, होलसेल व्यापारमा १३.०१ र खुद्रा व्यापारमा १८.२८ प्रतिशत मार्जिन रहने गरेको देखिएको छ। समग्रमा व्यापारमा १८.५३ प्रतिशत मार्जिन रहेको सर्वेक्षणले देखाएको छ।

व्यापारिक प्रतिष्ठानको सञ्चालन खर्च जम्मा एक एक खर्ब ३३ अर्ब रूपैयाँ र प्रतिप्रतिष्ठान औसत सञ्चालन खर्च दुई लाख ६४ हजार रूपैयाँ देखिएको छ। यस सर्वेक्षणको प्रमुख उद्देश्य विभिन्न वस्तुहरूको खरिद तथा बिक्री गर्दा हुने व्यापार अन्तर (ट्रेड मार्जिन) अनुमान र व्यापारिक प्रतिष्ठानको रोजगारी, तलबरज्याला, पुँजी निर्माण आदि तथ्यांक आकलन गर्नु रहेको कार्यालयले जनाएको छ।

यो सर्वेक्षण छनोट विधिमा आधारित राष्ट्रियस्तरको सर्वेक्षण हो। सर्वेक्षणमा आर्थिक गणना २०७५ बाट प्राप्त मुलुकभित्र रहेका सरकारी निकायमा दर्ता भएका तथा दर्ता नभई अनौपचारिकरूपमा सञ्चालन भएका व्यापारिक प्रतिष्ठानको अध्ययन गरिएको छ। कूल १५ हजार २९९ व्यापारिक प्रतिष्ठानबाट लिइएको तथ्यांक र सर्वेक्षणका आधारमा यो अध्ययनको नतिजा निकालिएको कार्यालयले जनाएको छ। *रासस*

### उहाँलाई "भगवान् हुँ"...

त्यसपछि लामिछानेले थापालाई राजनीतिमा लामो समयदेखि लागे पनि काम गर्नुको साटो भाषणमा समय बिताएको र सस्तो प्रचारका लागि वक्तव्य दिने गरेको आरोप लगाएका थिए।

'नेपालको सार्वजनिक जग्गा कसैले हडप्छ भने सजाय पाउनुपर्छ। जतिसुकै शक्तिशाली होस्, जुनसुकै पदमा बसेको होस्, दण्ड पाउनुपर्छ। आमनागरिकहरूले निक्षेप संकलन गरेर जम्मा गरेको सहकारीमा ठगीको धन्दा चलाउनेमाथि कारबाही हुनुपर्छ,' गगनले भनेका थिए।

सहकारी ठगीधन्दाको मतियार भएका व्यक्ति कारबाहीको दायरामा आउनुपर्ने उनको भनाइ थियो। त्यसो गरिए सरकार सुशासनको पक्षमा साँचो रूपमा उभिएको अर्थ लाग्ने पनि उनको भनाइ थियो। 'आमनागरिकहरूले निक्षेप संकलन गरेर जम्मा गरेको सहकारीमा ठगीको धन्दा चलाउँछ। ठगीको धन्दाको मतियार हुन्छ भने कानुनी कारबाहीको दायरामा आउनु पर्दैन ? कानुनले कारबाही गर्नु पर्दैन ?,' महामन्त्री थापाले भनेका थिए।

प्रतिनिधिसभा बैठकलाई सम्बोधन गर्दै सभापति लामिछानेले सरकारी जग्गा हडप्ने, नागरिकता कीर्ते गर्ने र सहकारीका ठगहरूलाई कारबाहीको दायरामा ल्याउन नयाँ दलले रोकेको हो भनी प्रश्न गरेका थिए। 'सरकारी जग्गा कीर्ते गर्नेहरू आफ्नै दलभित्र छन् कि र पहिला पार्टीभित्र कारबाही गरेर सुशासनको नयाँ कदम र उदाहरण दिने पो हो कि ? नागरिकता कीर्ते गर्ने र सहकारीका ठगहरूलाई कारबाहीको दायरामा ल्याउने पो हो कि ? सरकारमै भएजस्तो लाग्छ,' लामिछानेले गगनप्रति लक्षित गर्दै भनेका थिए, 'लामो समयसम्म सरकार नछोडेको जस्तो पनि लाग्छ। राजनीति र सदनमा भएको पनि वर्षौं बितेजस्तो लाग्छ। रोके छ चाहिँ केले ? नयाँ दलले ?'

राष्ट्रिय सभामा निर्वाचित कांग्रेस सांसद जितजंग बस्नेतले पनि सहकारी ठगीमा लामिछानेमाथि कारबाहीको माग गरे। 'दुईटा नागरिकता, पासपोर्ट, को-अपरेटिभमा करप्सन गरेको कुरा उठेको छ। महामन्त्रीजीले संसद्मा पनि कुरा उठाउनुभयो,' लामिछानेलाई लक्षित गर्दै बस्नेतले भने, 'यस्ता तत्वहरूले देशमा विखण्डन ल्याउन खोजिरहेका छन्। कारबाही होस्।'

### उपचार...

उपचार नपाउँदा जीवनभर कुँजिएरै बस्नुपर्ने हो कि भन्ने चिन्ताले सताउन थालेको छ,' पीडा सुनाउँदै मोक्तानले भनिन्। दुर्घटनामा परी बाँचे पनि उपचार पाउन नसक्दा घरपरिवारसमेत चिन्तित बनेका छन्। दुर्घटनाका कारण विक्षिप्त बनेकी उनी आफ्नो औषधोपचारका लागि सबैसँग हार गुहार गरिरहनुभएको छ। मोक्तान मोन्तिजोस्थित ट्रान्सएटलान्टिको टरभालो टेम्पोरेरिया एलडिए कम्पनीमा कृषि मजदुरका रूपमा कार्यरत थिइन्।

भाँचिएको खुट्टाको उपचार नै नगरी जबर्जस्ती डिस्चार्ज गरी घर पठाउँदा उनको अवस्था झन् नाजुक बन्दै गएको उनीसँगै बस्ने साथी प्रतिज्ञा बानियाँले बताइन्। 'सुस्मिताको उठ्न, चल्न सक्ने अवस्था छैन। ओछ्यानमा थला परेकी छिन्, रेखदेख गर्ने कोही छैन। उनको त बिजोग नै भएको छ,' सहयोगको आशा राख्दै बानियाँले भनिन्। मोक्तानको दुर्घटनाको विषयमा लिस्बनस्थित महावाणिज्यदूतको कार्यालय र गैरआवासीय नेपाली संघलाई जानकारी गराइएको छ। मोक्तानको उपचारका लागि विभिन्न माध्यममार्फत पहल भइरहेको यहाँ कार्यरत नेपाली पत्रकार प्रबल भट्टराईले बताए।

पीडित मोक्तानको औषधोपचारसहित पाउन सक्ने सेवा सुविधाका लागि कानुन व्यवसायीको व्यवस्था गरी औषधोपचारसँगै आवश्यक कानुनी उपचारको समेत पहल भइरहेको मोन्तिजो नेपाली समाज पोर्चुगलका अध्यक्ष गोपाल योञ्जनले बताए। उनको उपचारका लागि यहाँ क्रियाशील नेपाली संघसंस्थामार्फत आर्थिक सहयोग संकलन अभियानसमेत सञ्चालन गरिएको उनले सुनाए।

अस्पतालले डिस्चार्ज गरेपछि उनी कम्पनीले कामदार राख्दै आएको एक आवासगृहमा साथीहरूसँग बस्दै आउनुभएको छ। नेपाल नगएको चार वर्ष भएको बताएकी मोक्तानको आठ वर्षीय छोरा र श्रीमान् नेपालमा रहेको जनाइएको छ।

मोक्तान दुर्घटनामा परी उपचारबाट समेत वञ्चित हुनुपरेको विषयमा सम्बन्धित निकायमा बुझ्ने काम भइरहेको र उनको उपचारका लागि आवश्यक पहल भइरहेको पोर्चुगलका लागि अवैतनिक नेपाली महावाणिज्यदूत मकरबहादुर हमालले बताए।

पीडित मोक्तानलाई गत जनवरी ३० मा अस्पतालले डिस्चार्ज गरी घर पठाएको थियो। रोजगारीको सिलसिलामा चार वर्षअघि साइप्रस आएकी उनी दुई वर्षअघि पोर्चुगल अएकी हुन्। *रासस*

# राष्ट्रिय प्रजातन्त्र दिवस तीन दिन मनाइने

**काठमाडौं (प्रस)-** सरकारले राष्ट्रिय प्रजातन्त्र दिवस-२०८० लाई तीन दिनसम्म भव्यतापूर्वक मनाउने निर्णय गरेको छ। शुक्रबार सिंहदबारमा बसेको प्रजातन्त्र दिवस मूल समारोह समितिको बैठकले दिवसका अवसर पारेर आगामी फागुन ६, ७ र ८ गते विविध कार्यक्रम आयोजना गर्ने निर्णय गरेको हो।

बैठकले आगामी फागुन ६ गते प्रजातन्त्र दिवस केन्द्रित विशेष संवाद, परिसंवाद, रेडियो नाटकलगायत जनचेतनामूलक कार्यक्रमको निर्माण, सञ्चालन तथा प्रसारण गर्ने व्यवस्था मिलाउने, राष्ट्रियस्तरका छापा सञ्चार गृहलाई दिवसका उपलक्ष्यमा विशेषांक/स्मारिका प्रकाशन एवं प्रजातन्त्रको बहुपक्षीय आयामलाई उजागर गर्ने विभिन्न लेख-रचनाको सँगालो प्रकाशन गर्न अनुरोध गर्ने निर्णय गरेको छ।

प्रजातन्त्र दिवसको पूर्वसन्ध्यामा सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, संघ-संस्थाका कार्यालयका छत, बरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ मण्डला, दरबार स्क्वायरजस्ता क्षेत्र एवं घरघरमा दीप प्रज्वलन गरिने छ।

सबै जिल्लामा सरकारी तथा गैरसरकारीको सहयोगमा रक्तदान कार्यक्रम सञ्चालन गर्ने, जिल्लास्तरमा फरक क्षमता भएका विद्यार्थीले अध्ययन गर्ने विद्यालयमा उपयुक्त हुने शैक्षिक तथा खेलकुद सामग्री वितरण गर्ने कार्यक्रम सञ्चालन गर्ने सरकारको निर्णय छ।

# विश्व सामाजिक मञ्चको १६औं सम्मेलन नेपालमा

**काठमाडौं (प्रस)-** विश्वका सीमान्तकृत समुदायको आवाज उठाइने विश्व सामाजिक मञ्चको १६औं संस्करण आगामी फागुन ३ गतेदेखि ७ गतेसम्म काठमाडौंमा हुने भएको छ। मञ्चअन्तर्गतको नेपाल आयोजक समितिले बिहीबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा आगामी फागुन ३ गतेदेखि ७ गतेसम्म काठमाडौंको भृकुटीमण्डपमा सम्मेलन हुने जनाइएको हो।

विद्यमान विश्व व्यवस्थाले अंगीकार गरेका नीति र संरचनाले सिर्जना गरेका नकारात्मक प्रभावबारे आलोचनात्मक बहसका लागि विश्वका ९१ मुलुकका एक हजार १६५ संस्था सहभागिताका लागि दर्ता भएका पत्रकार सम्मेलनमा नेपाल आयोजक समितिका सदस्य डा. नेत्र तिमिल्सिनाले जानकारी दिए।

नेपालमा पहिलोपटक हुन लागेको यस सम्मेलनमा आर्थिक असमानता र न्याय, श्रम, आप्रवासन, दासत्व, मानव बेचबिखन, जात, काम र वंशमा आधारित भेदभाव, जाति, जातीयता, आदिवासी, छुवाछूत र हिंसा, खाद्य सम्प्रभुता, शान्ति, द्वन्द्व, सञ्चार, कानुन, स्वास्थ्य, शिक्षा आदि विषयमा नागरिक आन्दोलनको भूमिकाबारे छलफल हुने उनले बताए।

ती विषयमा ४०० कार्यपत्र प्रस्तुतिका लागि दर्ता भएका छन्। उक्त कार्यपत्र प्रस्तुतिमा ४० देखि ५० हजारको सहभागिता रहने अपेक्षा गरिएको समितिका सदस्य ओम थपलियाले बताए।

समितिका सञ्चार समन्वय उपसमितिका संयोजक सुशील विकले 'अर्को विश्व सम्भव छ' भन्ने नाराका साथ हुने सम्मेलनले नवउदारवाद, भूमण्डलीकरण, पुँजीवाद, जलवायु संकट, पितृसत्ता, जातजाति, छुवाछूत तथा रंगभेद, नश्लभेद तथा यौनिकताका आधारमा हुने हिंसा, विभेद, द्वेषका विरुद्ध सामूहिक आवाज उठाउने बताए।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : C2 POLYMER SDN BHD

पूर्व स्वीकृति मिति: २०८०/१०/२५ LT. No. 299701 चलानी नं. ६०२१४५९९

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ५ गते (17th Feb. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

R. A. International Employment Agency Pvt Ltd
श्रम ईजाजत नं. १४०४/०७४/०७५
Basundhara-03 Metropolitan City, Kathmandu, Tel: +977-1-4016740, 4016760,4388035, Fax: 4016745
E-mail: rainternational81@gmail.com,Website www.rainternational.net


# त्रिवि उपकुलपतिका लागि १४ जना 'सर्ट लिस्ट'मा

**काठमाडौं (प्रस)-** त्रिभुवन विश्वविद्यालयको रिक्त उपकुलपति पदमा आवेदन दिएका ४३ मध्ये १४ उम्मेदवार अल्पसूची (सर्ट लिस्ट) मा परेका छन्।

सिफारिस समितिले प्रस्तुतीकरण र अन्तर्वार्ताका लागि ती सूचीलाई बिहीबार सार्वजनिक गरेको छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका अनुसार उक्त सूचीमा पर्नेमा कुसुम शाक्य, केशरजंग बराल, गोविन्द सुवेदी, चित्रबहादुर बुढाथोकी, ज्ञानेन्द्रप्रसाद पौडयाल, टंकनाथ धमला, तीर्थराज खनियाँ, नारायण बेलवासे, प्रकाश घिमिरे, भोजराज अर्याल, महेन्द्रप्रसाद शर्मा, रामचन्द्र बस्नेत, शिवलाल भुसाल र सूर्यबहादुर थापा छन्।

त्रिविका उपकुलपति डा. धर्मकान्त बास्कोटाको कार्यकाल गएको कात्तिक १८ गते सकिएकपछि गत कात्तिक २४ गते प्रधानमन्त्री एवं विश्वविद्यालयका कुलपति पुष्पकमल दाहालले शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईको अध्यक्षतामा सचिव सुरेश अधिकारी र त्रिविका बौद्ध अध्ययन विभागकी प्रमुख डा. चन्द्रकला घिमिरे रहेको समिति गठन गरेका थिए। हाल शिक्षाध्यक्ष शिवलाल भुसाललाई निमित्त उपकुलपतिको जिम्मेवारी दिइएको छ।


नेपाल सरकार
भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भुमि व्यवस्थापन तथा अभिलेख विभाग
**भुमि सुधार तथा मालपोत कार्यालय,**
**सर्लाही मलंगवा, मोही फांट**

**३५ दिने सार्वजनिक सूचना**

जिल्ला सर्लाही साविक चन्द्रगर गा.वि.स. वार्ड नं.२ हाल चन्द्रनगर गा.पा. वार्ड नं.६ स्थित कामत उद्योग प्रा.लि. लाई हकदावी गर्न आउने बारेको सूचना।

उपरोक्त सम्बन्धमा जिल्ला सर्लाही साविक चन्द्रगर गा.वि.स. वार्ड नं. २ हाल चन्द्रनगर गा.पा. वार्ड नं. ६ मा बस्ने **उपिन्द कुमार मुखिया** को नाममा दर्ता कायम रहेको जि.स.गा.वि. चन्द्रनगर वार्ड नं. ६(क) कि.नं. २०५ को ज.वि. ०-१-१० जग्गाको मोही महलमा जिल्ला सर्लाही साविक चन्द्रगर गा.वि.स. वार्ड नं. २ हाल चन्द्रनगर गा.पा. वार्ड नं. ६ स्थित **कामत उद्योग प्रा.लि** को नाम उल्लेख रहेकोमा जग्गा धनीले **मोही लगत कट्टा** गरि पाउँ भन्ने निवेदनमा मिति २०८०/०९/२९ गतेको आदेशानुसार मोही हक दावी सम्बन्धी ३५ दिने सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद वाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होला। नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम **मोही लगत कट्टा** तर्फको कार्यवाही भै जाने यसै सूचनाद्वारा जानकारी गराईन्छ। पछि तपाईंको उजुर बाजुर लाग्ने छैन।



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : VITAL HEART MEDICAL AND LABORATORY EQUIPMENT REPAIRING CO.

पूर्व स्वीकृति मिति २०८०/१०/२६ LT. No. 299646 चलानी नं. ६०२१४६०६

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: AED | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician Assistant | 13 | 0 | 1200 | ४३,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Office Manager | 1 | 0 | 2000 | ७२,३१० | | | | | | | |
| 3 | Sales Officer | 4 | 7 | 1500 | ५४,२३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ५ गते (17th Feb. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Sagarmatha International Employment Pvt. Ltd.
K.B INTERNATIONAL EMPLOYMENT (P) LTD
Airport, Kathmandu, Nepal. Tel : 015916758/59, Mobile: 9844078232, 9844078232
9823810701, 9746850593 E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

माघ २७ गते २०८०, शनिबार

- **मेष** प्राविधिक र स्वास्थ्य विषयमा बढी सफलता मिल्नेछ।
- **वृष** आज समस्या दर्साउँदा सुखदुःखमा साथ दिनेहरू भेटिनेछन्।
- **मिथुन** नजिकको व्यक्तिबाट सहयोग पाइनेछ।
- **कर्कट** नयाँ कार्यको योजना बन्ने र शुभ कार्यको चर्चा हुनेछ।
- **सिंह** धर्मकर्म तथा समाज सेवामा मन लाग्नेछ।
- **कन्या** स्वादिष्ट भोजनको अवसर प्राप्त हुने योग छ ।
- **तुला** प्रेममा मनमुटावका साथै मन कमजोर रहला।
- **वृश्चिक** स्वास्थ्य क्षेत्रमा सजगता अपनाउनु होला।
- **धनु** रोकिएका अधुरा कामहरू पुरा हुन सक्छ।
- **मकर** अरूको मुख नताकी सही निर्णय लिन सके प्राप्त होला।
- **कुम्भ** प्रेमसम्बन्ध र प्रणयप्रसंगका लागि श्रेष्ठ समय रहेको छ।
- **मीन** दुष्ट व्यक्तिको संगतले आत्मघाती काम गर्न पुगिएला।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

माघ २७ गते, २०८०, १० फेब्रुअरी, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.६२ | १३३.२२ |
| युरो | १ को | १४४.४२ | १४५.०७ |
| पाउन्ड स्टिर्लङ | १ को | १६७.५८ | १६८.३४ |
| स्विस फ्रेन्क | १ को | १५४.१० | १५४.८० |
| अस्ट्रेलियन डलर | १ को | ८७.५५ | ८७.९५ |
| क्यानाडियन डलर | १ को | ९८.२९ | ९८.७३ |
| सिंगापुर डलर | १ को | ९८.९२ | ९९.३७ |
| जापानी येन | १० को | ९.०४ | ९.०८ |
| चिनियाँ युआन | १ को | १८.४४ | १८.५२ |
| साउदी अरब रियाल | १ को | ३५.३६ | ३५.५२ |
| कतारी रियाल | १ को | ३६.३६ | ३६.५२ |
| थाई भाट | १ को | ३.७५ | ३.७७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.११ | ३६.२७ |
| मलेसियन रिङेट | १ को | २८.२७ | २८.३९ |
| दक्षिण कोरियन वन | १०० को | ९.९२ | ९.९७ |
| स्विडिस क्रोनर | १ को | १२.७४ | १२.८० |
| डेनिस क्रोनर | १ को | १९.३६ | १९.४५ |
| हङकङ डलर | १ को | १६.९५ | १७.०३ |
| कुवेती दिनार | १ को | ४३०.९५ | ४३२.९० |
| बहराइन दिनार | १ को | ३५१.८१ | ३५३.४० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ।

# इ-भिसा, स्वचालित प्रणाली र अनलाइन भुक्तानी सुरु




■ **प्रभाव संवाददता**

**काठमाडौं-** अध्यागमन विभागले शुक्रबारदेखि इ-भिसा, कार्यालय स्वचालित प्रणाली र अनलाइन भुक्तानीको शुभारम्भ गरेको छ। शुक्रबार विभागको कालिकास्थानस्थित कार्यालयमा उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले सो सेवाको शुभारम्भ गरे ।

विभागका महानिर्देशक रुद्रसिंह तामाङले फागुन १ गतेदेखि बिहान बिहान ८ बजेदेखि बेलुकी ८ बजेसम्म सेवा सुरु हुने बताए। 'हाल बिहान १० बजेदेखि ५ बजेसम्म कार्यालय सञ्चालन हुने गरेकामा फागुन १ गतेदेखि बिहान ८ बजेदेखि साँझ ८ बजेसम्म र इ-भिसा सुरु भएपछि बिहान ७ बजेदेखि बेलुकी ९ बजेसम्म सिफ्ट प्रणालीमा हरेक दिन कार्यालय सञ्चालन हुने छ,' उनले भने ।

'इ-भिसा' लागू गर्ने पूर्वअभ्यासका लागि 'इलेक्ट्रोनिक ट्राभल अथोराइजेसन' (इटिए) लागू गरिएको विभागले जानकारी दिएको छ। यसमार्फत संसारको कुनै पनि ठाउँबाट विदेशी नागरिकले अनलाइनमार्फत भिसा आवदेन गर्नसक्ने र अनलाइनमार्फत नै भिसा शुल्क बुझाउन सक्ने छन् । विभागले सबै प्रकार सेवा शुल्क तथा जरिवानाहरू नेपालका मोबाइल बैंकिङ र वालेट सेवा प्रदायकमार्फत भुक्तानी गर्न सकिने जनाएको छ। सेवाग्राहीले अनलाइनमार्फत दिएको आवेदनको अवस्था तथा भुक्तानीको विवरण 'ट्र्याक' गरी हेर्न सकिने छ। विभागले सोबारे जानकारी इमेल तथा एसएमएसमार्फत दिने र डिजिटल साक्षरता कम भएका सेवाग्राहीका लागि कर्मचारीमार्फत सहजीकरण गर्ने व्यवस्था मिलाएको छ। विभागका महानिर्देशक तामाङले समग्र अध्यागमन प्रशासनलाई पारदर्शी, उत्तरदायी, मितव्ययी बनाउनका लागि सरल, सहज र छिटो छरितो सेवा प्रवाह गर्न पूर्णरूपमा अनलाइनमार्फत स्वचालित सेवा प्रणाली प्रारम्भ गरिएको जानकारी दिए। उनले यसै महिनादेखि डिजिटल हस्ताक्षर पनि प्रयोगमा ल्याइने बताए। विभागले नयाँ वेबसाइट शुक्रबारदेखि नै सुरु गरेको छ ।

## 'सुशासन कायम गर्न सरकारको पहल जारी छ'

**काठमाडौं (प्रस)-** उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले सरकार सुशासन कायम गर्न लागिपरेको बताएका छन्। सुशासनविना मुलुकको सामाजिक आर्थिक रूपान्तरण र समृद्धि हासिल नहुने उनको भनाइ छ।

अध्यागमन विभागले शुक्रबार यहाँ आयोजना गरेको 'ई-भिसा, कार्यालय स्वचालन र अनलाइन भुक्तानीको शुभारम्भ' कार्यक्रममा उनले सरकार सुशासनसहितको सुधारका लागि प्रयासरत रहेको बताएका हुन् ।

उनले अध्यागमन विभाग र यससँग सम्बन्धित सबै कार्यालयमा स्वचालित प्रणाली आवश्यक भएको बताउँदै उनले प्रविधि तथा सेवाग्राहीमैत्री अन्तर ाष्ट्रियस्तरको अध्यागमन सञ्चालन गरिने प्रतिबद्धता व्यक्त गरे ।

'जनतालाई सहजरूपमा सेवा उपलब्ध गराउनु पनि सुशासनको अनिवार्य सर्त हो। त्यसैका आधारमा अहिले हामी काम अघि बढाइरहेका छौं,' उनले भने, 'अध्यागमनका सन्दर्भमा अहिले नै यो गुणात्मक फड्को हो। केही समयभित्र अन्तर ाष्ट्रियस्तरको अध्यागमन सञ्चालन गर्छौं ।'

कार्यक्रममा गृह मन्त्रालयका सचिव दिनेश भट्टराईले अध्यागमन सुधारबारे जानकारी गराउँदै भविष्यमा 'ग्लोबल पेमेन्ट' को तयारी गरिरहेको बताए ।

---

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८०/१०/२७

यस कम्पनीको मिति २०८०/०९/०४ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **फ्रान्को नेपाल एडभेनचर ट्रेक्स प्रा.लि. (प्रा.लि. नं. १४४०९७)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०९/०५ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **फ्रान्को नेपाल ट्रेक्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

### काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति: २०८०/१०/२७**

भलढुग्री सामुदायिक वन उपभोक्ता समूहको बनवाट उत्पादन भई समूहको घाटगद्धीमा राखिएको आव २०७९/०८० को खयर जातको गोलिया काठ १३१७.४२ क्यु.फि. जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सा.वउ.स. को कार्यालयमा सम्पर्क राख्न सकिने छ। पुर्ण व्यहोराको सूचना यस सा.वउ.स. को सूचना पाटीमा टाँस गरिएको छ।

**श्री भलढुग्री सामुदायिक वन उपभोक्ता समूह**
**जानकी गा.पा ९ कैलाली र गेरुवा २ बर्दिया**

### शिलवन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना

**पहिलो पटक सूचना प्रकाशित मिति :२०८०/१०/२७**

यस सामुदायिक वन उपभोक्ता समूहको स्विकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.न. २२५८ मिति २०७९/११/३० को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरू मध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय बाँकेको मिति २०८०/०४/१५ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, कुसुम, सिसौं, धौटी, जामुन र कर्मा जातका गोलिया थान ७१ को ६४५.५३ क्यू.फि. काठ र साल जातको दाउरा ०.७५ चट्टा, अन्य जातको दाउरा २.२५ चट्टालाई हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक वन पैदावारको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचिकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र खरिद गरि २२औं दिनको दिउँसो २:३० बजे भित्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ।

**श्री सिद्धेश्वरी सामुदायिक वन उपभोक्ता समूह**
**राप्ती सोनारी-५, बाँके**

### निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८०/१०/२७ गते)

बल बहादुर गुरुङको नाति, टेक बहादुर गुरुङको छोरा, चित्र कुमारी गुरुङको पति पर्वत जिल्ला, मोदी गाँउपालिका वडा नं ०१ स्थायी ठेगाना भएको धिर बहादुर गुरुङको मिति २०८०/०६/१४ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको चिप्लेढुङगा शाखामा रहेको बचत खाता नं ००४०००४८५९१००००१ मा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमती चित्र कुमारी गुरुङले यस बैंकको शाखामा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्रमा आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै कागजसहित यस बैंकको शाखा कार्यालय चिप्लेढुङगामा हकदावी गर्न आउनुहोला। म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि
शाखा कार्यालय चिप्लेढुङगा पोखरा, कास्की फोन नं. ०६१-५४३२६६/२६७

---

### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **RAGHAD FALIH FAISAL AL-DOSARI RESTAURANTS TO PROVIDE MEALS**

पूर्व स्वीकृति मिति २०८०/१०/२५ | LT. 299609 | चलानी नं. ६०२१४५८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 4 | 0 | 1000 | ३५,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ५ गते (17th Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

### बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AL TAWFEEK MAINTENANCE SERVICES CO. WLL**

पूर्व स्वीकृति मिति: २०८०/१०/२६ | LT. No. 299683 | चलानी नं. ६०२१४६१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Driver | 5 | 0 | 150 | ५२,८५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Workers | 5 | 0 | 100 | ३५,२३५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ५ गते (17th Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Chinari Overseas Pvt. Ltd.**
Govt. License 1165/073/074
P.O. Box : 8837, Dhumbarahi, Kathmandu, Nepal
Tel : +977-1-4372922/ 4376922 Fax : +977-1-4376922
E-mail : chinarioverseas@gmail.com Website :chinarioverseas.com

### कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MEDITERRANEAN CONTRACTING COMPANY**

पूर्व स्वीकृति मिति २०८०/१०/२५ | LT. No. 299685 | चलानी नं. ६०२१४५९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 5 | 0 | 1000 | ३६,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ५ गते (17th Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SAAD OVERSEAS PVT.LTD.**
श्रम ईजाजत नं. 1587/079/80
Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Email: - saadoverseas25@gmail.com

---

### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **METRO COMPANY LIMITED**

पुर्व स्वीकृति मिति २०८०/१०/२५ | LT. No. 299650 | चलानी नं. ६०२१४६०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 1 | 0 | 1000 | ३५,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **UNIVERSAL COLD STORE FOOD PRODUCTS FACTORY COMPANY LTD**

पुर्व स्वीकृति मिति २०८०/१०/२५ | LT. No. 299652 | चलानी नं. ६०२१४६०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 10 | 0 | 1000 | ३५,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **HEKAYA HAJAR GENERAL CONTRACTING EST**

पुर्व स्वीकृति मिति २०८०/१०/२६ | LT. No. 299649 | चलानी नं. ६०२१४६१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 1 | 0 | 1800 | ६३,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **SAIF AL-JUBAIL EAST CONTRACTING EST**

पुर्व स्वीकृति मिति २०८०/१०/२५ | LT. No. 299651 | चलानी नं. ६०२१४६०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 2 | 0 | 1000 | ३५,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ५ गते (17th Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pashupati HR Solution Pvt. Ltd.**
श्रम ईजाजत नं. १४००/०७४/०७५
Pingalasthan, Gaushala, Kathmandu, Nepal
E-mail : pashupatihr17@gmail.com Tel No. 014588454
www.pashupatihr.com.np

### रोमानिया/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **INTERNATIONAL WORK FINDER**

पूर्व स्वीकृति मिति २०७९/११/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२६ | LT. No. 281582 | चलानी नं. ६०१९८१६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 26 | 0 | 550 | ७२,९१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Factory Worker | 35 | 0 | 550 | ७२,९१० | | | | | | | |
| 3 | Cook Helper | 10 | 0 | 550 | ७२,९१० | | | | | | | |
| 4 | Cleaner | 10 | 0 | 550 | ७२,९१० | | | | | | | |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** ४०,०००

**अन्तरवार्ता हुने स्थान: सि.पि. होटल, बिर्तामोड, झापामा मिति: २०८० फागुन ७ गते (19th Feb. 2024) मा हुनेछ ।**
**(झापाको लागि) सम्पर्क: ९८०७९६३७९५, ९८०७९६३७९७, ९८५२६७४८०९, ९८५२६७४८१०**
**तिलोत्तमा इन्स्टिट्युट अफ ट्रेनिङ एण्ड ट्रेनिङ सेन्टर प्रा.लि., रुपन्देहीमा मिति: २०८० फागुन ५ गते (17th Feb. 2024) मा हुनेछ ।**
**(तिलोत्तमा ४, नयाँमिल, रुपन्देहीको लागि )सम्पर्क: ९८०२६५८६०५**

कम्पनी : **K-FORCE SECURITY SERVICES SDN.BHD.**

पूर्व स्वीकृति मिति २०८०/०१/१४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२६ | LT. No. 285313 | चलानी नं. ६०२००७४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 64 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: सि.पि. होटल, बिर्तामोड, झापामा मिति: २०८० फागुन ५ गते (17th Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**AMCON OVERSEAS PVT. LTD** श्रम ईजाजत नं. ६८४/०६३/०६४
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977
E-mail: amconoverseas123@gmail.com

### कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **BLING AND SMOOTH FOR GENERAL BUILDING CLEANING SERVICES CO.**

पूर्व स्वीकृति मिति २०८०/०६/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२६ | LT. No.293687 | चलानी नं. ६०२०८८०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 10 | 100 | ४३,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ५ गते (17th Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SUPREME OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ३०१/०५९/०६०
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np

---

नेपाल सरकार
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
**भूमि सुधार तथा मालपोत कार्यालय**
सर्लाही, मलगंवा

### ३५ दिने सार्वजनिक सूचना

जि. स. साविक गा. वि.स. पत्थरकोट वार्ड नं. ८ हाल लालवन्दी न.पा. वार्ड नं. १० मा बस्ने **गंगा मगर, मोहन बहादुर मगर र चेत बहादुर शुस्लिङ्ग** लाई हकदावी गर्न आउने बारेको सूचना ।

उपरोक्त सम्बन्धमा जि.स. गा.वि.स. पत्थरकोट वार्ड न. ९ हाल जि. महोत्तरी बर्दीबास न.पा. वडा नं. १० मा बस्ने गंगाराम जाडकामी भन्ने गंगाराम विश्वकर्माले **गंगा मगर, मोहन बहादुर मगर र चेत बहादुर शुस्लिङ्ग**लाई विपक्षी बनाई मोही जग्गा बाँडफाँडको निवेदन दर्ता भई निज धनीको नाउँमा १५ दिने म्याद तामेलीका लागी पटक पटक जाँदा पनि जग्गा धनीहरूले म्याद बुझ्न नमानेको र साक्षीहरू समेत बस्न नमानेको भनि का.स. राम विश्वास यादवको प्रतिवेदन पेश हुँदा मिति २०८०/१०/१८ को आदेशबाट यो सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होला। नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम तपशिल बमोजिम मोही जग्गा बाँडफाँड तर्फको कार्यवाही भै जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। पछि तपाईको उजुर बाजुर लाग्ने छैन।

**तपशिल:-**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | ज.वि. | ज.ध | मोही |
|---|---|---|---|---|---|---|
| सर्लाही | पत्थरकोट | ६(घ) | १७९ | ०-०-१५ | गंगा मगर | गंगाराम जाडकामी भन्ने गंगाराम विश्वकर्मा |
| सर्लाही | पत्थरकोट | ६(घ) | १६५ | ०-०-१५ | मोहन बहादुर मगर | |
| सर्लाही | पत्थरकोट | ६(घ) | १८० | ०-०-५ | मोहन बहादुर मगर | |
| सर्लाही | पत्थरकोट | ६(घ) | १६४ | ०-०-१५ | चेत बहादुर शुस्लिङ्ग | |

## सांस्कृतिक पर्व तथा नयाँ वर्ष

# ल्होछार





▸▸ रवीन्द्र तामाङ

> ल्होछारले १२ वटा पशुपक्षीको प्रतिनिधित्व गरेका पाइन्छन् । तिनमा क्रमशः मुसा, गोरू, बाघ, बिरालो, ड्रागन, सर्प, घोडा, भेँडा, बाँदर, चरा, कुकुर र सुंगुर पर्दछन् । उल्लिखित १२ पशुपक्षीका प्रतीकस्वरूप रहेका वर्ग/वर्षहरुको प्रतीकात्मक र पञ्चतत्वगत आगो, माटो, धातु, पानी र काठ स्वभावहरु हुने गर्दछन् । यिनै दुवै आधारहरुलाई लिएर उनीहरु आफ्नो वर्ष गणना, स्वभावको अडकल, संस्कार सम्पन्न र नवकार्यहरुको थालनी गर्दा धर्मगुरू वा लामा पुरोहितसित सरसल्लाह गर्ने गर्दछन् ।

आज तामाङ तथा बौद्ध धर्मावलम्बीहरूले ल्होछार/लोसार पर्व मनाउँदै छन् । यस वर्ष तामाङ, हयोल्मोलगायत समुदायले मनाउने सोनाम ल्होछार र शेर्पालगायतका समुदायले मनाउने ग्याल्पो लोसार एकै दिन परेको छ । १२ वटा जीवजन्तुको प्रतीकका आधारमा गणना गरिने ल्हो परम्पराअन्तर्गत यो वर्ष तवर (बिरालो) वर्गलाई बिदाइ गरी डुक (गरुड) वर्गलाई स्वागत गरिएको छ । 'ल्हो' को अर्थ 'वर्ग' र 'छार'को अर्थ 'नयाँ' हुन्छ । त्यसैले ल्होछार सांस्कृतिक पर्वका साथै नयाँ वर्ष पनि हो । यो लेखमा तामाङ समुदायले मनाउने ल्होछार पर्वको बारेमा चर्चा गरिएको छ ।

### पृष्ठभूमि

प्राचीनकालमा काठमाडौं उपत्यका ठूलो दहको रूपमा थियो । जहाँ नागहरू बस्दथे । एकदिन बन्धुमती नगरबाट विपश्वी बुद्ध आउनुभयो र दहमा चैत्र पूर्णिमाको दिन कमलको वीज छर्नुभयो । सोही वीजबाट कमलको फूल फूल्यो र आश्विन शुक्ल पूर्णिमाको दिन सोही फूलमाथि श्रीस्वयम्भू ज्योतिरूप उत्पन्न भयो । त्यही ज्योतिरूपबाट निःसृत पञ्चरंगी किरणहरूमा पञ्च बुद्ध प्रकट हुनुभयो ।

यसपछि विश्वभू बुद्ध आएर स्वयम्भू ज्योतिको दर्शन गर्नुभयो । उहाँले नै त्यस नागदहको जल बाहिर निकाल्न सकिने बाटो बताउनुभयो । साथै यहाँ चाँडै मानव सभ्यता र संस्कृतिको विकास हुने घोषणा गरेर फर्कनुभयो । यसैगरी महाचीनबाट आफ्ना शिष्यसहित महामञ्जुश्री आएर कात्तिक शुक्ल पूर्णिमाको दिन स्वयम्भू ज्योतिको दशर्न गर्नुभयो ।

दहको पानी निकालिए पनि नागहरू यहाँ बसुन् भनी टौदह, धनदह र द्वासा तीर्थको सिर्जना गर्नुभयो । अनि उहाँले उपत्यकामा मञ्जुपत्तन नामक सहर बसाइ धर्मकरलाई राजा बनाइदिनुभयो । मञ्जुश्रीले नै यसपछि बनेको नेपाल खाल्डोमा मानव सभ्यता र बौद्ध संस्कृतिको स्थापना गर्नुभयो भन्ने कुरा स्वयम्भू पुराणमा उल्लेख गरिएका छन् ।

### जातीय अवधारणाः

यही पृष्ठभूमि उल्लेख गर्दै बौद्ध धर्मावलम्बी तामाङ समुदायले आफूलाई बोधिमहासत्व मञ्जुश्री सँगसँगै उपत्यकामा आएका शिष्यहरूका सन्तान हौं, उपत्यकाका आदिवासी हौं भन्ने दाबी गर्ने गरेका छन् । त्यसैले यिनीहरू आफ्ना गुरु र पूर्खा महामञ्जुश्रीको स्मरण गर्दै हरेक वर्षको माघ शुक्ल प्रतिपदाको दिन आफ्नो घर आँगन, गुम्बाका साथै पहाड पर्वतका थुम्काहरूका मञ्जुश्रीको प्रतीक खडग/राल्ठीको गजुर राखी धार्मिक भण्डा (लुंदर) ठडयाएर वसन्त उत्सव आरम्भ भएको उपलक्ष्यमा नव वर्ष अर्थात् ल्होछार सुरु भएको घोषणा गर्दछन् ।

तामाङ समुदायले मान्ने गरेको यसपटकको नव वर्ष मञ्जुश्री सम्वत् २८६०, पञ्च तत्त्वगत स्वभाव काठ र वर्ष गरुढ/ड्र्यागन/मुपुख्री पर्न गएको छ ।

### वर्ष (वर्ग) परिचय र महत्त्वः

तामाङ समुदायले मनाउने वर्षहरूले १२ वटा पशुपक्षीको प्रतिनिधित्व गरेका पाइन्छन् । तिनमा क्रमशः मुसा, गोरु, बाघ, बिरालो, ड्रागन, सर्प, घोडा, भेँडा, बाँदर, चरा, कुकुर र सुंगुर पर्दछन् ।

उल्लिखित १२ पशुपक्षीका प्रतीकस्वरूप रहेका वर्ग/वर्षहरूको प्रतीकात्मक र पञ्चतत्त्वगत आगो, माटो, धातु, पानी र काठ स्वभावहरू हुने गर्दछन् । यिनै दुवै आधारहरूलाई लिएर उनीहरू आफ्नो वर्ष गणना, स्वभावको अडकल, संस्कार सम्पन्न र नवकार्यहरूको थालनी गर्दा धर्मगुरु वा लामा पुरोहितसित सरसल्लाह गर्ने गर्दछन् । यसो गर्दा उनीहरू चिनिया प्राचीन ज्योतिष पद्धतिको चन्द्र पात्रोको अवलम्बन गर्ने प्रचलन रहेको छ । यसका अतिरिक्त १२ पशुपक्षीहरूको वर्ग/वर्ष र पञ्च तत्त्वगत स्वभावहरू मिलाउँदा मित्र वर्ग भए राम्रो हुने र शत्रु वर्ग भए नराम्रो हुने तामाङ समुदायको धार्मिक मान्यता रहेको पाइन्छ ।

### ल्होछारको प्रारम्भः

तामाङ समुदाय परम्परागत रूपमा सौर्य पात्रोअनुसार माघे संक्रान्तिदेखि नै नव वर्ष फेरिएको अर्थात् ल्हो पोबा भनेर पर्व मनाउन थाल्दछन् । उनीहरू पुसको अन्तिम दिनको साँझपख कन्दमुल र फापरको रोटी उसिन्ने गर्दछन् । संक्रान्तिको दिन उनीहरूका घरमुली वा महिला पानी पँधेरो रहेको ठाउँमा गएर नुहाइ, पाठपूजा गरी, चोखो पानी ल्याएर कुलदेवता र भगवान् बुद्धलाई चढाउने गर्दछन् ।

यसपछि स-परिवारले आफ्नो कुलदेवता र भगवान् बुद्ध, पद्मसम्भव, महामञ्जुश्रीलगायतका बोधीसत्वहरूलाई ढोग गर्दछन् । अनि परिवारका प्रत्येक सदस्यले ढोग थापी टीका लगाएर आशीर्वाद (मोलम) लिने गर्दछन् । यसपछि विशेषरूपमा तयार पारिएका कन्दमुल र आलुजस्ता खाद्यपदार्थ एकै ठाउँमा बसी खाने गर्दछन् । त्यसपछि गाउँघरमा रहेका अन्य मान्यवर कहाँ गएर ढोग गरी आशीर्वाद लिने गर्दछन् ।

बालबालिकाहरू घरदैलोमा पुगी 'आलुम पउ माम, गेङ पउ माम/ पानीरोटी-बाबररोटी देउ...' भन्दै माग्ने, दिएपछि ढोग गर्ने र आशीर्वाद लिने गर्दछन् । त्यही साँझ कुलायन भाइ, छोरीज्वाइँहरूसँगै बसेर जाँडरक्सीका साथै खानपिन गर्दछन् । खानपिनपछि भने डम्फु बजाएर दुःखसुखका सेलो गीत गाउँछन्, डम्फु, म्हेन्दोमाया, घोडा, भाक्पा, लामा र स्याब्रुलगायतका नृत्य पनि गर्ने गर्दछन् । यसरी कुल कुटुम्बलाई बोलाएर अनिवार्य रूपमा खुवाउने कार्यक्रम तामाङ समुदायमा माघ महिनाभर चल्दछन् ।

### माघ शुक्ल प्रतिपदा धार्मिक ल्होछारः

चिनिया ज्योतिषपद्धति र चन्द्र पात्रोअनुसार तिथिगत रूपमा तामाङ समुदाय माघ शुक्ल प्रतिपदाको दिनदेखि नयाँ वर्ष फेरिएको मान्दछन् । यस दिन यिनीहरू आ-आफ्ना गाउँमा रहेको घ्याङ/गुम्बामा भेला हुन्छन् । भगवान् बुद्ध र उनका शीर्ष अनुयायी अवलोकेश्वर, पद्ममसम्भव, बज्रसत्व, मञ्जुश्रीलगायतका स्मरण र पूजन गर्दछन् । आफ्ना पुरोहित लामाबाट दीप प्रज्वलित गर्दै मानव र विश्वशान्तिको कामना गर्दै नववर्षले सुख, शान्ति र समृद्धि ल्याओस् भन्ने वरदान नयाँ वर्ष फेरिएको प्रतीकको रूपमा धार्मिक झण्डा 'लुङ्दर' 'ध्वजा' राखी चम्पा पिठो आकाशतर्फ उडाउने प्रचलन पनि रहेको छ ।

यसरी धार्मिक ध्वजा उभ्याउँदा लामा पुरोहित र उपस्थितिजनले 'चम्पा'को पिठो तीनपटक आकाशतर्फ उडाउने गर्दछन् । यसरी उडाउँदा उनीहरू 'राक्षसहरूको अन्त्य होस्' देवताहरूको विजय होस् अनिकाल हटोस्, सहकाल आओस्, दुःख, दशा, रोग, अशान्ति नहोस्, सुख शान्ति र दीर्घायु रहोस् भन्ने बौद्ध वेदअनुसार मन्त्रोच्चारण गर्दछन् ।

प्राचीनकालमै यसरी नेपाल उपत्यकामा महाचीनबाट प्रवेश गरेको बौद्ध धर्मावलम्बी तामाङ समुदायले आफ्नो धार्मिक एवं सांस्कृतिक चाडको रूपमा नयाँ वर्षलाई भव्यताका साथ लिच्छवीकालसम्म मनाउने गरेका भए पनि मल्ल र शाहकालमा एकछत्र रूपमा हिन्दू धर्मले राज्यगत मान्यता र संरक्षण पाउँदा यसको अवस्था लोपोन्मुख भएको हो । तर २०४६ पछि तामाङ संस्थाहरूले यस चाडलाई पुनः ब्युँत्याएर मनाउन थालेका थिए । २०५१ सालमा राज्यबाट मान्यता भएपश्चात् यसको महत्त्व र प्रचलन व्यापक हुँदै आएको देखिन्छ । तामाङ जातिको साझा संस्था नेपाल तामाङ घेदुङ संघले हरेक वर्ष राजधानीको टुँडिखेलमा भव्यरूपमा नव वर्ष अर्थात् ल्होछार पर्वको उपलक्ष्यमा बृहत् कार्यक्रम आयोजना गर्दै आइरहेको छ ।

### अन्त्यमाः

जब भगवान् बुद्ध स्वर्ग फर्कने बेला नजिक आयो । तब उहाँले सबै पशुपक्षीलाई आफूले पृथ्वी छोड्नुपूर्व बोलाउनुभएको थियो । भनिन्छ, त्यतिखेर उहाँलाई बिदाइ गर्न केवल १२ वटा पशुपक्षी आइपुगे । उहाँलाई भेट गर्न एकपछि अर्को गरी क्रमशः आउने पशुपक्षीकै नामबाट उहाँले वर्षको नामकरण गरिदिनुभयो । जुनजुन पशुपक्षी वर्षहरूमा जुनजुन मानिसहरूको जन्म हुन्छ, तिनतिन मानिसहरूको चरित्र, व्यवहार, स्वभाव, गुण र जीवनशैली रहोस् भनेर पनि भगवान् बुद्धले आशीर्वाद दिनुभयो ।

यसै अवधारणअनुसार ल्होछार अर्थात नयाँ वर्ष मनाउने परम्परा बौद्ध सभ्यता भएका नेपाल, चीन, जापान, कोरिया, लावोस, भियतनाम, बर्मा, थाइल्याण्ड, मलेसिया, इण्डोनेसिया, सिंगापुर, मंगोलिया, तिब्बत, हङकङ, भुटान, फिलिपिन्स र भारतलगायत देशमा पशुपक्षीलाई समेत सम्मान गरी सोनाम ल्होछार (नयाँ वर्ष) मनाउने प्रचलन रहेको छ ।

*(लेखक तामाङ संस्कृति र इतिहासका अनुसन्धाता हुन् ।)*

---

# 'हेम्फै' नाच

## संरक्षणमा कुमाल समुदायको चासो

> खासगरी भाद्र कृष्ण पक्षको औंसीमा सुरु गर्ने तथा शुक्ल पक्षको पूर्णिमामा विशेष पूजा आराधनासहित सम्पन्न गर्ने गरी नाचिने हेम्फै नाच संरक्षण गर्ने उद्देश्यले हिजाआज मेला, पर्व र विभिन्न महोत्सवमा पनि देखाउने गरिएको छ ।

▸▸ डम्मर बुढामगर

बागलुङमा थुप्रै कला, संस्कृति र परम्परा लोप भइसकेका छन् । केही लोप हुने अवस्थामा पुगे पनि स्थानीयले पुनः संरक्षण गरिरहेका छन् । खासगरी बागलुङका आदिवासी जनजातिले मान्दै आएका धेरै संस्कृति हराइसके । अल्पसंख्यक मानिने कुमाल समुदायको जनसंख्या बागलुङमा निकै कम छ । यस समुदायका आफ्नै कला, संस्कृति र परम्परा छ । लामो समयदेखि मान्दै आएको संस्कार र संस्कृति पनि लोप हुने अवस्थामा छन् । त्यसमध्येको एक हेम्फै नाच पनि हो । हेम्फै नाच एउटा लाहुरेको कथा हो । लाहुरे पल्टनबाट घर फर्कंदा लिएर आएकी उसको नवदुलहीलाई गाउँलेले लिएको परीक्षा पनि हो ।

जिल्लाको बडिगाड गाउँपालिका-२ को दनियाँ र सिमलचौर तथा गुल्मीको मुसीकोट वामीटक्सार बसोबास गर्ने कुमाल समुदायले यो नाच नाच्दै आएका छन् । एकपटक लोप भइसकेको हेम्फै यसपटकबाट फेरि नाच्न थालिएको हो । हेम्फै कहिलेबाट नाच्न थालियो भन्ने यकीन मिति पाउन मुस्किल छ । यद्यपि लाहुरेको कथामा भएकाले नेपाल अंग्रेज युद्धपछि नेपाली भारतमा शासन गरिरहेको बेलायती इष्ट इण्डिया कम्पनी सरकारको सेनामा भर्ती हुन थालेपछि सुरू भएको हुनसक्ने अनुमान गरिन्छ । तर कुमाल नेपालको आदिवासी भएकाले त्योभन्दा अगाडि नै यो संस्कार सुरू भएको विश्वास छ । पछिल्लो समय यो नाच निकै कम भएको स्थानीय टेकबहादुर रानाले बताए ।

'हामी ससाना हुँदा आमाहरू नाच्नुहुन्थ्यो, बीचमा नाच्न छोडिएको थियो, अहिलेबाट फेरि नाच्न थालिएको छ, यसलाई हाम्रो पुर्खाले संस्कार र संस्कृति बनाउनुभएको थियो, जोगाउनुपर्छ भन्ने मान्यताले पुनः सुरूआत गरेका हौं, कहिलेबाट सुरू भयो भन्ने हामीलाई केही पनि थाहा छैन, यो हाम्रो पुर्खादेखि चल्दै आएको हो,' रानाले भने, 'हामीले हराइसकेको त्यही परम्परालाई निरन्तरता दिइरहेका छौं, हेम्फै नाच के हो र किन नाचिन्छ भन्ने जानकारी पाउन पनि निकै गाह्रो छ, एक समय त हामीले नाच्न पनि छोडिसकेका थियौं, पछिल्लो समयमा यहाँ युवापुस्ताले पनि केही चासो देखाएपछि यो वर्षदेखि फेरि सुरू गरेका हौं, यसको कुनै लिखित दस्तावेज छैन ।'

उनका अनुसार सांस्कृतिक महत्त्वका कला संस्कृतिको खोजी हुन थालेपछि अहिले कुमालहरू पनि हेम्फै जोगाउने अभियानमा लागेका छन् । अहिले जोडतोडले कला संस्कृतिका कुरा उठ्न थालेपछि आफ्नो संस्कार संरक्षण गर्न खोजेको उनको भनाइ छ । कला संस्कृति हराएपछि पहिचान नै नरहने भन्दै अहिलेदेखि युवा पुस्ताले चासो दिनुपर्नेमा रानाले जोड दिए ।

### कसरी नाचिन्छ हेम्फै

चिटिक्क सजिएको, सानो टाउको, ठूलो शरीर, होँचो र छमछमी नाच्ने, अचम्मको एउटा महिला पात्र । अनि उनको पछिपछि लाहुर पहिरनमा पुरुष पात्र दर्शक दीर्घाको बीचमा छिर्छन् । वरिपरिका दर्शक अचम्मित देखिन्छन् । सबै जना खासखुस गर्न थाल्छन् । बी(चमा कतैबाट प्रश्न आउँछ, कहाँबाट ल्याएको ? कस्ती डल्ली ? के काम गर्ली ? हामीकहाँ हुने काम आउला कि नआउला ? त्यसपछि लाहुरेले गीत सुरू गर्छन् ।

*माला र मधेसबाट, आयो मेरो हेम्फै*
*दैलो खोल हेम्फै*
*ढोग गर हेम्फै*

लाहुरले पछिपछि यसरी गीतमार्फत आफ्नी प्रियसीलाई निर्देशन दिँदै जान्छन् । अघिअघि हेम्फै गीत संगीतका तालमा सबै क्रियाकलाप गर्दै जान्छिन् । घरको ढोका खोल्छिन् । घरपरिवार र आफन्तजन सबैलाई साइनोअनुसारको दर्शन भेट गर्छिन् । त्यसपछि पालो आउँछ घरभित्र र घरबाहिरको कामको परीक्षा लिने ।

*माला र मधेसबाट, आयो मेरो हेम्फै*
*दैलो लिप हेम्फै*
*मकै पिस हेम्फै*
*आटो छिन्काउ हेम्फै*
*ढिकी कुट हेम्फै*

यस्तै यस्तै गीतका शब्दअनुसार नृत्यसँग ती सबै क्रियाकलाप गरेको हाउभाउ हेम्फैले देखाउँछिन् । 'लाहुरेले उतैबाट लिएर आएको केटीले गाउँघरको चाल चलन जान्दो हो कि छैन होला, काम गर्न आउँछ कि आउँदैन भनेर प्रश्न उठेपछि लाहुरेले सबै कुरा गीतबाट गर्न लगाउने र हेम्फैले हाउभाउमार्फत गरेर देखाउने नाच हेम्फै हो,' स्थानीय गोमबहादुर रानाले भने, 'सबै कुरा हाउभाउमा देखाएपछि गाउँलेहरूले बल्ल चित्त बुझाउँछन्, सबै प्रश्नको उत्तर पाएपछि हेम्फैलाई घरभित्र पस्ने अनुमति दिइन्छ, हेम्फैभित्र प्रवेश गरे पनि लाहुरे बाहिरै रहन्छन् ।'

*माला र मधेसबाट आयो मेरो हेम्फै*
*भित्र पस हेम्फै*

हेम्फै कुमाल जातिको एउटा ऐतिहासिक सांस्कृतिक नाच हो । परापूर्वकालदेखि कुमाल जातिमा देखाउँदै र नाच्दै आएको तर अहिले लोपोन्मुख अवस्थमा पुगेको छ । हेम्फैको खास अर्थ आजकालका कसैले पनि भन्न सक्दैन । यद्यपि यसको अर्थ केटाकेटीबीचको सम्बन्ध हो भन्ने बुझ्न सकिन्छ । यो परम्परा रोधी बस्ने चलनसँग पनि सम्बन्धित देखिन्छ । रोधीघरमा लाहुरेले मलायबाट फर्किंदा ल्याएकी दुलही लिएर जान्छन् । जहाँ उनको नव दुलहीको परीक्षा हुन्छ । लाहुरेले प्रेमिकाका सकारात्मक कुरा गर्ने, आफूले जीवनभर धोका नदिने वाचा गर्ने र रोधीमा उपस्थित सबैसँग रमाइलो गर्ने र बिहान लाहुरबाट ल्याएको कोसेली सबैलाई बाँड्ने काम हुन्छ ।

हाम्रा सांस्कृतिक पर्व, नाच आदि सामाजिक परिवेशसँग जोडिएका छन् । तत्कालीन अवस्थामा त्यो नै सामाजिक परिवेश थियो र उनीहरू त्यसैमा रम्ने गरेको गोमबहादुरले बताए । त्यतिबेला रमाइलो गर्ने अरू कुनै माध्यम नभएको, यसैलाई मनोरञ्जनको रूपमा अपनाएको र यो धार्मिक मान्यतासँग पनि कतै न कतै जोडिएको पाएको उनको भनाइ छ । कुमाल समुदायले हरेक शुभकार्य गर्दा हेम्फैलाई सम्झने प्रचलन रहेको भन्दै अहिले भने आधुनिकता र प्रविधिको विकाससँगै त्यस्ता मौलिक संस्कृति संकटमा पर्दै गएका राना बताउँछन् ।

### कहिले नाचिन्छ हेम्फै

खासगरी भाद्र कृष्ण पक्षको औंसीमा सुरू गर्ने तथा शुक्ल पक्षको पूर्णिमामा विशेष पूजा आराधनासहित सम्पन्न गर्ने गरी नाचिने हेम्फै नाच संरक्षण गर्ने उद्देश्यले हिजाआज मेला, पर्व र विभिन्न महोत्सवमा पनि देखाउने गरिएको छ । एकातर्फ रोधी घरमा सहभागीले रोधी गाउँछन् । लाहुरेले हेम्फैको सबै क्रियाकलापबाट घर समाजलाई अवगत गराउँछन् । अर्कोतर्फ कमेरो र माटोको प्रयोग गरेर बनाइएका चन्द्रमा र सूर्यको प्रतीकमा उपस्थित सबैले फूलले पूजा गर्ने चलन रहेको छ ।

रातभर हेम्फै र लाहुरेलाई नचाई बिहान तिनै उपवास बसेको दुई कन्याले ती चढेका सबै फूलको डोली बनाई सबै जना नाच्दै गाउँदै नदी किनारमा लगी सेलाउने चलन रहेको टेकबहादुर रानाको भनाइ छ । हेम्फैमा रोधीलाई रमाइलो बनाउनका लागि बीचबीचमा हेम्फैको गीत रोकी विभिन्न व्यंगात्मक र ठट्टा शैलीका गीतमार्फत प्रस्तुत गरेर रमाइलो गर्ने चलन रहेको उनी बताउँछन् । *रासस*

# पुल निर्माण अलपत्र हुँदा स्थानीयलाई सास्ती



**धरान (सुनसरी)**- छोटो दूरीमा धरान जोड्ने धरान-चतरा-भोजपुर सडकस्थित दूधकोशी नदीको चुहारमा निर्माणाधीन पक्की पुल नबन्दा दक्षिणी भोजपुरका बासिन्दा कष्टकर यात्रा गर्न बाध्य छन् ।

उदयपुरको बेलका नगरपालिका-७ र भोजपुरको हतुवागढी गाउँपालिका-८ जोड्ने चुहारस्थित दूधकोशी नदीमा बन्दै गरेको पक्की पुल अलपत्र भएपछि बिरामीलाई समयमा अस्पताल पुऱ्याउन, स्थानीय उत्पादनलाई बजार पुऱ्याउन कठिन भएको स्थानीयको गुनासो छ ।

स्थानीय गम्बरसिंह राईले पुलको काम ढिलासुस्ती हुँदा भोजपुरका बासिन्दाले धेरै दुःख पाइरहेको गुनासो गरे । उनले भने, 'धरान जोड्ने सबैभन्दा छोटो बाटो हिँड्न यही पुल नबन्दा समस्या भएको छ । पुल बन्यो भने भोजपुरका बासिन्दालाई हरेक कुरामा सहज हुन्छ ।'

यहाँका बासिन्दाका लागि स्वास्थ्योपचार, अध्ययनका लागि, आफूले उत्पादन गरेका कृषिउपज बिक्री गर्न, दैनिक आवश्यक सामान किन्ने प्रमुख बजार धरान रहेको राईले बताए । 'चुहारमा पक्की पुल बनेपछि घोडेटारबाट चतरा हुँदै धरान पुग्न ५९ किलोमिटर यात्रा गर्नुपर्छ,' उनले भने, 'अहिले घोडेटार बजारबाट भोजपुर सदरमुकाम-धनकुटा हुँदै धरान पुग्न करिब २०० किलोमिटर यात्रा गर्नुपर्छ ।'

चुहारमा पुल निर्माण भए दक्षिणी भेगका हतुवागढी, रामप्रसाद राई र आमचोक गाउँपालिका तथा खोटाङको साकेला गाउँपालिकाका बासिन्दाका लागि धरान आवतजावत गर्न आधा दूरी छोटिने स्थानीय बताउँछन् ।

कोशी प्रदेश सरकारले गौरवको योजनाअन्तर्गत २०७७ सालमा चुहार पुलको ठेक्का लगाएको थियो । २०७७ असोज २६ मा प्रदेशका तत्कालीन मुख्यमन्त्री शेरधन राईले शिलान्यास गर्नुभएको उक्त पुल दुई वर्षभित्र अर्थात् २०७९ कात्तिकसम्ममा निर्माण सम्पन्न गर्नेगरी निर्माण कम्पनीसँग २१ करोड २३ लाख १२ हजार रूपैयाँमा ठेक्का सम्झौता भएको थियो ।

तोकिएको समयमा निर्माण सम्पन्न नभएपछि २०७९ चैत ६ गते कोशी प्रदेशसभा सदस्य सिर्जना राई, पूर्वमुख्यमन्त्री शेरधन राई, यातायात पूर्वाधार निर्देशनालय इटहरीका निमित्त प्रमुख जितेन्द्रकुमार कर्ण, ठेकेदार कम्पनीका प्रतिनिधि ठाकुरप्रसाद कँडेललगायत सरोकारवालाबीच भएको बैठकले चारबुँदे निर्णय गर्दै २०८० असोज १३ गतेसम्ममा काम सक्नेगरी तत्काल निर्माण अघि बढाउने सहमति भएको थियो । दोस्रोपटकको म्याद सकिँदा पनि निर्माण कम्पनीको लापरबाहीका कारण स्थानीयलाई आवागमनमा सास्ती भइरहेको छ ।

चतराको कोशी पुलबाट चुहारसम्म र चुहारबाट घोडेटारसम्म गाडी कुद्न सक्ने कच्ची सडक बनिसकेको छ । पक्की पुल निर्माण नहुँदा पुरानो झोलुंगे पुलबाट स्थानीय ओहोरदोहोर गरे पनि गाडी वारपार गर्न सकिँदैन । धरानबाट कुनै समान भोजपुर लानु वा ल्याउनु परे झोलुंगे पुलमा भरियालाई बोकाएर तार्नुको विकल्प छैन ।

हाल धरानमा व्यवसाय गर्दै आउनुभएका भोजपुर हतुवागढीका रमेश थापाले चुहार पुल अलपत्र परेको विषयमा स्थानीय नेतादेखि मन्त्रीसम्म कुरा गर्दासमेत सुनुवाइ हुन नसकेको बताए । उनले भने, 'भोजपुरका बासिन्दाको लाइफलाइनमा पर्ने उक्त पुल अलपत्र पर्दा व्यवसाय गर्नेलाई, बिरामी परेर तुरुन्त अस्पताल पुऱ्याउन सास्ती छ ।'

चुहारमा पुल निर्माण भए भोजपुरलाई धरानसँगै पूर्वी तराईका जिल्लासँग जोड्ने सबैभन्दा छोटो मार्ग तयार हुन्छ । यसले भोजपुरको आर्थिक अवस्था सुधार गर्न र विकासका गतिविधि अघि बढाउन टेवा पुग्ने सप्तकोशी पुल नजिक होटल व्यवसाय गर्नु हुने सम्पत राईको धारणा छ ।

होटल कोशी प्यालेसका सञ्चालक राईले भने, 'पुल बनेर बाटो सहज भए धरानदेखि चतरा, मैनामैनी हुँदै भोजपुरसम्मका विभिन्न क्षेत्रको पर्यटनको समेत विकास हुन्छ । कृषि उत्पादनले सहजरूपमा बजार पाउँछन् ।' यो सडक मार्गमा चतरा, सप्तकोशी, मैनामैनीलगायतका धार्मिक तथा पर्यटकीयस्थल पर्छन् ।

नब्बे मिटर लम्बाइ र साढे १० मिटर चौडाइ रहेको उक्त पुलको पिल्लर निर्माण आधा पनि सम्पन्न भएको छैन । पुलको पिल्लर निर्माणको जिम्मा लिएको ठेकेदार कम्पनीका प्रतिनिधि खगेन्द्र विष्टले विभिन्न समस्याले निर्माण ढिलाइ भएको दाबी गरे । अहिले पनि पुलको पिल्लर वरिपरि पर्खाल लगाउने काम भइरहेको र पुनः म्याद थपिएपछि कामले गति लिने उनको भनाइ छ । उनले भने, 'सबैतिर यस्तै समस्या छ, हामी पनि चाँडै काम सक्नुपर्छ भनेर चिन्तित छौं ।'

पटकपटक पुलको अनुगमन गरेकी कोशी प्रदेशसभा सदस्य सिर्जना राईले ठेकेदारले रकमको अभावले पुलको काम रोकिएको जानकारी गराएको बताइन् । ठेकेदार सम्पर्कमै रहेको र रकम भुक्तानी हुने बित्तिकै काम सुरु गर्ने निर्माण कम्पनीको भनाइ रहेको उनले बताइन् ।

चुहारमा पुल बनेपछि सुनसरी, उदयपुर, भोजपुरदेखि संखुवासभाको किमाथांकासम्म जोडिने भएकाले समग्र प्रदेशकलाई फाइदा हुने प्रदेशसभा सदस्य राईले बताइन् । उनले भनिन्, 'प्रदेशले गौरवको योजना मानेर सुरु गरेको पुल चाँडो बन्नुपर्छ । हामी सम्बन्धित निकायलाई घच्घच्याउने छौं ।' *रासस*

## धनकुटामा 'स्वच्छ भान्सा' कार्यक्रम

**धनकुटा (प्रस)**- धनकुटाको दुई स्थानीय तहमा धुवाँरहित स्वच्छ भान्सा निर्माणका लागि विद्युतीय चुलो प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको छ ।

सन् २०३० सम्ममा धुवाँरहित भान्सा बनाउने सरकारको नीति तथा कार्यक्रमअन्तर्गत धनकुटा नगरपालिका र छथर जोरपाटी गाउँपालिकामा कार्यक्रम सञ्चालनमा आएको हो । अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी नियोग (युएसआइडी) र ऊर्जा नेपालको सहयोगमा अजम्बरी विकास फाउन्डेसन ललितपुरले गत भदौदेखि उक्त कार्यक्रम सञ्चालन ल्याएको हो ।

यस कार्यक्रमबाट सरकारले लिएको स्वच्छ भान्सासम्बन्धी लक्ष्य पूरा गर्न महत्त्वपूर्ण सहयोग पुग्ने यूएसआईडीका स्थलगत वरिष्ठ अनुगमनकर्ता दुर्गादेवी खड्काले जानकारी दिइन् । उनका अनुसार कार्यक्रमअन्तर्गत फाउन्डेसनले धनकुटामा ३२ र छथर जोरपाटीमा २० गरी ५२ वटा विद्युतीय इन्डक्सन चुला र भाँडा निःशुल्क वितरण गरेको छ । एक वर्ष समय अवधिसम्म सञ्चालनमा रहने उक्त कार्यक्रमअन्तर्गत चुलो वितरणपछि नगरका १० र पालिकाका ६ वडामा सचेतना कार्यक्रम सम्पन्न भएका छन् ।

'स्वच्छ भान्सा सामाजिक सञ्जाल प्रतियोगिता,' विद्युतीय चुलो बनाउने तालिम, महिला नेतृ तथा पत्रकारसँग अभिमुखीकरणलगायत थप कार्यक्रम सञ्चालन गरिने खड्काले जानकारी दिइन् ।

कार्यक्रमले आयातित ग्यासको सट्टा स्वदेशको विद्युत् प्रयोग गर्ने वैकल्पिक ऊर्जाका रूपमा प्रोत्साहन गर्ने धनकुटा नगरपालिकाका प्रमुख चिन्तन तामाङले बताए । विद्युतीय चुलोको प्रयोगबाट ग्रामीण क्षेत्रका भान्सामा दाउराको कमी आएमा भान्सा र वातावरण दुवै स्वच्छ हुने उनको भनाइ थियो ।

## भरतपुर महानगर र माडी नगरपालिकाबीच भगिनी सम्बन्ध

**चितवन (प्रस)**- चितवनको भरतपुर महानगरपालिका र माडी नगरपालिकाबीच भगिनी सम्बन्ध स्थापना गरिएको छ । भरतपुर महानगरपालिकाकी प्रमुख रेनु दाहाल र माडी नगरपालिकाका प्रमुख ताराकुमारी काजी महतोले भगिनी सम्बन्ध स्थापनासम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गरेका हुन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद् ६ दफा २६ अनुसारका क्षेत्रमा साझेदारी गर्ने गरी दफा २६ को (ट) अनुसार भगिनी सम्बन्ध स्थापना गरिएको हो । दुवै नगरप्रमुखले विभिन्न १० बुँदे अवधारणापत्रमा हस्ताक्षर गरी भगिनी सम्बन्ध स्थापना गरेका हुन् । शिक्षा, स्वास्थ्य, कृषि तथा पर्यटन, दमकल, एम्बुलेन्स, बस्ती विकास, पर्यटन पूर्वाधार, संस्कृति, संयुक्त उद्यम, बजार व्यवस्थापन, भौतिक तथा आर्थिक सहयोगलगायतका विभिन्न असल अभ्यास अनुभव आदानप्रदानका लागि भगिनी सम्बन्ध स्थापना गरिएको हो ।

अवधारणापत्रमा दुवै पालिकाले धार्मिक तथा पर्यटकीयस्थलको स्थानीय तवरबाट प्रचारप्रसार गर्ने, दुवै पालिकामा उत्पादित मौलिक कृषि उपजको एकापसमा बजारीकरण गर्ने, उद्यमशीलताको वृद्धि गरी आय आर्जनलाई प्रभावकारी बनाउन संयुक्त उद्यमशीलता विकास गर्ने लगायतका बुँदा रहेका छन् । उक्त समझदारी पाँच वर्षका लागि हुने छ ।

भरतपुर महानगरकी प्रमुख दाहालले जिल्लाभित्र पहिलोपटक भगिनी सम्बन्ध कायम गरिएको बताइन् । भगिनी सम्बन्ध स्थापनासँगै माडीको विकासका लागि महानगरले सहयोग गर्ने उनले बताइन् । माडी नगरपालिकाका प्रमुख महतोले माडीको सम्भावनालाई उजागर गर्न भगिनी सम्बन्ध फलदायी हुने विश्वास व्यक्त गरिन् । भरतपुरको विकास र अनुभव साटासाट गर्ने वातावरण बनेको उनको भनाइ थियो ।

नेपाल सरकार
भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भुमि व्यवस्थापन तथा अभिलेख विभाग
**भुमि सुधार तथा मालपोत कार्यालय,**
**सर्लाही मलंगवा, मोही फांट**

**पुनरावेदन गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

जिल्ला रौतहट गा.वि.स. भलोहिया वार्ड नं. ६ हाल दुर्गा भगवतीपुर गा.पा. वार्ड न. २ मा बस्ने वाल मुकुन्द उपाध्याय लाई पुनरावेदन गर्न जाने बारेको सूचना ।

उपरोक्त सम्बन्धमा दावीको जि.स. गा.वि.स. मानपुर वार्ड न. ८ कि.नं. ९७२ को ज.वि. ०-६-१३.१/२ जग्गाको वादी वाल कुमारी कार्की र प्रतिवादी वाल मुकुन्द उपाध्याय रहेको मि.नं. ३२८४ को मोही नामसारी मुद्धामा मोही नामसारी हुने र वादी बाल मुकुन्द उपाध्याय प्रतिवादी बाल कुमारी कार्की रहेको मि.नं. २५४४ को मोही लगत कट्टा मुद्धामा मोही लगत कट्टा नहुने गरी मिति २०८०/०१/१० गतेमा निर्णय भएको सो निर्णय चित्त नबुझे पुनरावेद गर्न उच्च अदालत जनकपुर जानु भनि विपक्षीलाई म्याद जाँदा विपक्षीले म्याद वझ्न नमानेकोले मिति २०८०/१०/१८ गतेको आदेशानुसार पुनरावेदन गर्ने सम्बन्धी ३५ दिने सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित उच्च अदालत जनकपुरमा पुनरावेदन गर्न जानु होला । नगएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम भैजाने व्यहोरा जानकारी गराईन्छ । पछि तपाईको उजुर बाजुर लाग्ने छैन ।


**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : ALPINE CONTRACTING & SERVICES
पूर्व स्वीकृति मितिः २०८०/१०/२५ LT. No. 299674 चलानी नं. ६०२१४५८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Mason | 2 | 0 | 1200 | ४३,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Brick Mason | 2 | 0 | 1200 | ४३,७७० | | | | | | | |
| 3 | Carpenter | 2 | 0 | 1200 | ४३,७७० | | | | | | | |
| 4 | Decoration Technician | 2 | 0 | 1500 | ५४,७१५ | | | | | | | |
| 5 | Decorator | 0 | 1 | 1200 | ४३,७७० | | | | | | | |
| 6 | Labour | 4 | 0 | 1000 | ३६,४७५ | | | | | | | |
| 7 | Mason | 2 | 0 | 1200 | ४३,७७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० फागुन ५ गते (17th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

VARSHA MANPOWER PVT. LTD.
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
श्रम ईजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : SKAF FAST FOOD ESTABLISHMENT
पूर्व स्वीकृति मिति २०८०/१०/२५ LT. No. 299695 चलानी नं. ६०२१४५९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee | 1 | 0 | 1200 | ४२,४९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Fast Food Maker | 1 | 0 | 1200 | ४२,४९० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० फागुन ५ गते (17th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Honesty Overseas Pvt.Ltd.
श्रम ईजाजत नं. १०००/०६८/०६९
Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : AL RASHID INDUSTRIAL COMPANY
पूर्व स्वीकृति मिति २०८०/०४/०९ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२६ LT. No. 293096 चलानी नं ६०२०८२३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Whole vehicle Driver | 4 | 0 | 1800 | ६४,१४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Worker Labour | 5 | 0 | 1000 | ३५,६३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० फागुन ५ गते (17th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Janashakti International Services Pvt. Ltd.
श्रम ईजाजत नं. ९९९/०६८/०६९
Basundhara-3, Kathmandu, Nepal. Tel: +977-1-4964020 Cell No: +977-9851093031
Email : info@jisnepal.com, Web: www.janashaktiintl.com

**युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : TRUENO READYMADE GARMENTS
पूर्व स्वीकृति मिति २०८०/०४/२३ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२६ LT. No. 290584 चलानी नं. ६०२१४५६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Stall and Market Salesperson | 0 | 4 | 1200 | ४३,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० फागुन ५ गते (17th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Muskan Overseas Pvt. Ltd.
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : THEMARAH AL MURABAHA HOLDING COMPANY FOR TRADING AND CONTRACTING
पूर्व स्वीकृति मिति : २०८०/०९/२९ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२६ LT. No. 297856 चलानी नं. ६०२१२९८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 3 | 0 | 1800 | ६३,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : GULF AWTAD FOUNDATION FOR GENERAL CAONTRACTING
पूर्व स्वीकृति मिति : २०८०/०२/१७ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२६ LT. No. 287009 चलानी नं. ६०२०२४०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 1 | 0 | 1200 | ४२,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० फागुन ५ गते (17th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Munal Overseas Pvt. Ltd.
श्रम ईजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4461297, 4468625, Fax: +977-01-4462046

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : GHIM KAAK FOR THE JUNK FOOD
पूर्व स्वीकृति मिति २०८०/१०/११ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२६ LT. No. 298773 चलानी नं. ६०२१३७४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1000 | ३५,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : MILES TRANSPORT COMPANY IS A ONE PERSON COMPANY
पूर्व स्वीकृति मिति : २०८०/१०/१६ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२६ LT. No. 299106 चलानी नं. ६०२१४०७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 8 | 0 | 1000 | ३५,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० फागुन ५ गते (17th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रू. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Kapeel Manpower Pvt. Ltd.
श्रम ईजाजत नं. १८५/०५७/०५८
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

रूपशाला

दीपाश्री र किरणको अभिनयमा 'सिम्पल सिम्पल कान्छी २'

१५ वर्षअघि निर्माण भएको फिल्म 'अन्दाज'मा समावेश गीत 'सिम्पल सिम्पल कान्छी'को दोस्रो भाग 'सिम्पल सिम्पल कान्छी २' सार्वजनिक भएको छ । जवानी बेलामा छुटेको माया अचानक बाटोमा भेट हुँदाको रमाइलो पललाई वर्णन गरिएको गीतमा नित्या शिवा र राजन श्रेष्ठको स्वर छ । शंकर अधिकारी 'घायल'को शब्द रहेको गीतमा बाबुल गिरीले संगीत एवम् एरेन्ज गरेका छन् । गीतको भिडियोमा किरण केसी 'रातामकै', दीपाश्री निरौला, बालकलाकारहरु रियान खड्का र प्रनिता रोकायाको अभिनय छ ।





# थारू कलाकार मञ्चको महाधिवेशन सौराहामा हुँदै

■ प्रभाव संवाददाता




**भरतपुर (चितवन)** – राष्ट्रिय थारू कलाकार मञ्चको पहिलो महाधिवेशन चितवनको सौराहामा हुने भएको छ । मञ्चले यही माघ २७ र २८ गते महाधिवेशन गर्न लागेको जनाएको छ ।

महाधिवेशनमा नयाँ नेतृत्व चयनसँगै थारू संस्कार, संस्कृति, पहिचान र परिकारलाई प्रवर्द्धन गर्ने मञ्चका अध्यक्ष वीरबहादुर चौधरीले जानकारी दिए । पाँच वर्षअघि गठन भएको मञ्च थारू कलाकारको क्षमता अभिवृद्धि र पेसागत सुरक्षामा क्रियाशील रहेको उनले बताए । 'पाँच वर्षअघि गठन भएको यो हाम्रो संगठन थारू कलाकारको क्षमता बढाउन, पेसाको संरक्षण गर्न क्रियाशील छ, साथै थारू भाषा, कला र संस्कृतिको संरक्षण, संवर्द्धन गर्न र थारू समुदायमा रहेको प्राचीन सम्पदा जोगाउन पनि सक्रिय छौँ', अध्यक्ष चौधरीले भने ।

महाधिवेनमा नयाँ नेतृत्व चयनसँगै थारू समुदायको परम्परागत संस्कृति तथा खानाको संरक्षणका लागि बहस गरिने छ । महाधिवेनमा २६ जिल्लाका एक सय ३० प्रतिनिधि र २६ पर्यवेक्षकले भाग लिनेछन् । महाधिवेशनमा भने चार हजार बढी कलाकार तथा थारू समुदायका अगुवा विभिन्न जिल्लाबाट सौराहा आउने छन् ।

अधिवेशनको उद्घाटनमा थारू पौराणिक लोकनाच, लोकगीत, बाजासहित थारू पहिरन र गहनासमेत लगाएका ५० झाँकी प्रस्तुत गरिने चौधरीले बताए । दाङ, सुर्खेत, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरबाट कच्या चोल्या, उज्जर गोन्यामा सजिएर थारू मन्द्रा, मञ्जौराको तालमा नाचिने सखिया नाच, चितवनको लट्ठी नाच, उदयपुर, सप्तरी, सिराहा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, सुनसरी, मोरङ, झापामा प्रचलित धुमरा चोरखेली नाच अधिवेशनमा प्रस्तुत हुनेछन् ।

थारूका आधुनिक र व्यावसायिक सिर्जनाका साथै प्राचीन गीत, संगीत र नृत्य, नाटकलाई पनि प्रचार गर्ने अध्यक्ष चौधरीले बताए । थारू समुदायमा प्राचीन लोकभाका र लोकगीत हुर्डुंगवा, झुम्रा, सखिया, सज्ना, मैना, मांगर, धमरा, धुम्रु, मघौटा, छोक्रा, महोत्या, विरहैन, चाँचैर, बाह्रमासा, तीनमासा, दिन नचवा, अध्यरत्या छन् ।

लोकबाजा मन्द्रा, मन्जौरा, झालर, झाली, कस्तार, चत्कौली, बस्या, घुघ्ना, घुंघुरु, डफ, डफ्ली, मृदंग, हर्मोनियम, बोसलीको पनि संरक्षण आवश्यक रहेको अध्यक्ष चौधरीले बताए । यस्तै थारू समुदायका विशेष खाना ढिक्री, घोंगी, खिचरी, तिलको लड्डु, अन्डीको भात, चिच्चर, भक्का, केराको तरुवा, खँरिया, बरिया, अन्डीको रोटी, झझरा रोटी, सिद्रा माछा, बंगुरको मासु, हाँसको मासु, बयरको चट्नी, अचार अधिवेशनमा उपलब्ध गराइने उनले बताए ।

राष्ट्रिय थारू कलाकार मञ्चको नेपालका २६ जिल्लामा संगठन रहेको महासचिव रोशन रत्गौंयाले जानकारी दिए । महाधिवेशनले ५१ सदस्यीय नयाँ कार्यसमिति चयन गर्ने उनले बताए । नेपालमा सात सय ७० थारू समुदायका कलाकार रहेको अनुमान छ ।

# चलचित्र भवनमा 'हात्तीछाप' र 'दयारानी'

■ प्रभाव संवाददाता







**काठमाडौं** – शुक्रबारदेखि दुई नेपाली चलचित्र 'हात्तीछाप' र 'दयारानी' प्रदर्शन भएका छन् । माघको अन्तिम शुक्रबार दुई नेपाली चलचित्र प्रदर्शन गरिएका हन् ।

दुवै चलचित्रमा अभिनेता दयाहाङ राई छन् । कलाकार राईको यो संयोग दोस्रो पटक हो । गत वैशाख १ गते पनि उनी अभिनित दुई चलचित्र 'जारी' र 'विहे पास' एकसाथ प्रदर्शन गरिएको थियो ।

'दुवै चलचित्र फरक स्वादका छन् । यी दुई चलचित्र निर्माण तीनदेखि चार वर्षको फरकमा भएका हुन् । सायद यो समयमा व्यापार हुन्छ भन्ने लागेर होला, प्रदर्शन गर्ने निर्णयमा पूर्णतया निर्माताको अधिकार हुन्छ', अभिनेता राईले भने ।

सिमोस सुनुवारको निर्देशनमा तयार भएको 'हात्तीछाप'मा सौगात मल्ल, उपासना सिंह ठकुरी, बेनिशा हमाल, कमलमणि नेपाल, विजय वराललगायत कलाकारले अभिनय गरेका छन् । 'हामीले सामाजिक विषयसँगै यसमा मनोरञ्जनात्मक गतिविधि समेटेका छौँ । चलचित्र भवनसम्म पुग्ने दर्शकलाई यसले निराश बनाउँदैन', निर्देशक सुनुवारले भने ।

शुक्रबारदेखि प्रदर्शन गरिएको अर्को चलचित्र 'दयारानी'मार्फत कलाकार माओत्से गुरुङले निर्देशकीय यात्राको सुरुआत गरेका छन् । निःसन्तान दम्पतीको कथामा आधारित रहेर तयार गरिएको यस चलचित्रमा अभिनेता राईसँगै दीया पुन, विजय वराल, प्रमिसा गुरुङ, पुस्कर गुरुङलगायत कलाकारले अभिनय गरेका छन् ।

'यसमा एउटा अह्मकारी पुरुषको कथालाई पर्दामा ल्याएका छौँ । गुरुङ संस्कार र संस्कृति पनि यसमा समेटेको छ । चलचित्र मनोरञ्जनसँगै समाजमा भएको एउटा उदाहरण पनि हो', निर्देशक गुरुङले भने ।

# गोपीकृष्ण हल बन्द गर्ने घोषणा

■ प्रभाव संवाददाता



**काठमाडौं** – राजधानीको चाबहिलमा रहेको गोपीकृष्ण हल बन्द हुने भएको छ । गोपी कृष्ण मुभिज् प्रा.लिले सञ्चालन गर्दै आएको उक्त हल आर्थिक संकटको कारण देखाउँदै बन्दको घोषणा गरिएको हो ।

२०५२ सालदेखि सञ्चालनमा आएको हल फागुन १ गतेदेखि बन्द हुने प्रबन्ध निर्देशक निरक पौडेलले जानकारी दिए ।

'कोरोनाको संक्रमण कालदेखि नै चलचित्र क्षेत्रमा आएको व्यावसायिक मन्दीका कारण यस प्रा.लि.ले व्यहोर्नु परेको ठुलो आर्थिक घाटा तथा राज्यको विद्यमान कर प्रणालीले गर्दा चलचित्र निर्माण, प्रदर्शन तथा वितरणमा देशको अग्रणी स्थानमा रही विगत पाँच दशकदेखि सक्रिय रहेको यस व्यवसायलाई बन्द गर्नुको पीडा व्यक्त गर्न सकिन्न नै', पौडेलले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

कम्पनीले आजका दिनसम्म सबैबाट प्राप्त सहयोग, सद्भाव तथा आत्मीयताका लागि आभार पनि प्रकट गरेको छ ।



# त्रिकोणात्मक सिरिजको पहिलो खेल नामिबियासँग



**काठमाडौं (प्रस)** – नेपालले त्रिकोणात्मक टी ट्वान्टी सिरिजको पहिलो नामिबियासँग खेल्ने भएको छ । डब्लूसीएल लिग टू लगत्तै सोही टिमसँग काठमाडौंमै हुने त्रिकोणात्मक सिरिजको पहिलो खेलमा नेपाल र नामिबिया भिड्ने पक्का भएको हो । नेपाल क्रिकेट संघ क्यानले शुक्रबार खेल तालिका सार्वजनीक गर्दै सिरिजको पहिलो खेलको रूपमा फागुन १५ गते नेपाल र नामिबिया भिड्ने सार्वजनीक गरेको हो । डबल राउण्ड रोबिनका आधारमा हुने सिरिजमा फागुन १६ गतेनै नेपालले नेदरल्याण्ड्ससँग खेल्नेछ ।

नेपालले लिग चरणकै दोस्रो खेलमा नामिबियासँग फागुन १८ गते खल्नेछ । लिग चरणको अन्तिम खेलमा फागुन १९ गते नेदरल्याण्ड्ससँग नेपालले खेल्ने तालिका रहेको छ ।

फागुन २२ गते सिरिजको फाइनल खेल हुनेछ । आईसीसी डब्लूसीएल लिग टू अन्तर्गतका म्याच खेल्न नामिबिया र नेदरल्याण्ड्स नेपाल भ्रमणमा आउदैछन् । लिग टू अन्तर्गतको पहिलो सिरिज सकेर सोही टिमसँग टी ट्वान्टी सिरिज खेल्ने व्यवस्था क्यानले मिलाएको हो ।

# अक्सफोर्डलाई जिल्लास्तरीय फुटबल उपाधि

**नवलपुर (प्रस)**– नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैंडाकोटमा आयोजित तिलकप्रसाद सापकोटा स्मृति अन्तर मावि जिल्लास्तरीय नकआउट फुटबल प्रतियोगिताको उपाधि गैंडाकोटको अक्सफोर्ड कलेजले जितेको छ ।

स्वर्गीय तिलकप्रसाद सापकोटाको स्मृतिमा गैंडाकोटस्थित कालिका संस्कृत विद्यापीठको स्वतन्त्र विद्यार्थी युनियनले आयोजना गरेको प्रतियोगितामा २-१ गोल अन्तरले विजयी हुँदै अक्सफोर्डले उपाधि जितेको हो ।

यही माघ १८ गतेदेखि गैंडाकोटमा आयोजित १६ विद्यालय सहभागी प्रतियोगिताअन्तर्गत शुक्रबार भएको फाइनल खेलमा अक्सफोर्डले जनक नमूना माविलाई २-१ गोलले हराएको हो । प्रतियोगिताको सुरुआती समयमा अक्सफोर्डका राजीव तामाङले गोल गर्दै लिएको अग्रता दोस्रो हाफमा जनकका विकास सारुले गोल गरेपछि बराबरी भएको थियो । निर्धारित समयमा दुवै तर्फबाट १-१ गोल गरी खेल बराबरी पारेपछि प्रतियोगितामा अतिरिक्त समय थप गरिएको थियो । थप गरिएको अतिरिक्त समयको सदुपयोग गर्दै अक्सफोर्डका रिजन कँडेलले गोल गरेर उपाधि रक्षा गर्न सफल भए । अक्सफोर्ड कलेजले उपाधिसँगै रु ६६ हजार छ सय ६६ जितेको छ । प्रतियोगिताको उपविजेतामा चित्त बुझाएको जनक नमूना माविले रु ३३ हजार तीन सय ३३ हात पारेको छ ।

प्रतियोगिताको समापन समारोहमा मन्तव्य राख्दै पूर्वमन्त्री एवं नेपाली कांग्रेस गण्डकी प्रदेशका महामन्त्री विष्णुप्रसाद लामिछानेले स्व सापकोटाको व्यक्तित्वको चर्चा गर्दै उहाँको नाम लिँदा गर्वले छाती चौडा हुने बताए । स्वर्गीय सापकोटाले व्यक्तिगत रूपमा प्राप्तीको आशा नगरी मुलुकको परिवर्तनका लागि जीवन नै समर्पित गर्नुभएको भन्दै राजनीति, सामाजिक र शैक्षिक क्षेत्रमा परिवर्तनका लागि ठूलो योगदान पुऱ्याएको लामिछानेले स्मरण गरे ।

प्रतियोगिताको समापनका अवसरमा स्व सापकोटाका सुपुत्र केशवप्रसाद सापकोटाले बुवाको स्मृति दिवस पारेर आयोजना गरिएको यस प्रतियोगितालाई वर्षेनी सञ्चालन गर्नका लागि सहकार्य गर्ने बताए । हरेक वर्ष माघ १७ गते प्रतियोगिता उद्घाटन गर्ने गरी तिलकप्रसाद सापकोटा ट्रष्टले स्ववियुसँग सहकार्य गर्दै अगाडि बढ्ने उनको भनाइ थियो ।

# स्पोर्टस् अवार्डका शीर्ष तीन खेलाडीको नाम सार्वजनिक

■ प्रभाव संवाददाता




**काठमाडौं** – नेपाली खेलकुदको प्रतिष्ठित 'एनएसजेएफ पल्सर स्पोर्टस् अवार्ड २०७९'को चार विधाका शीर्ष तीन खेलाडीको नाम शुक्रबार सार्वजनिक गरिएको छ ।

नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) को खेलाडी छनोट समितिले आज यहाँ आयोजित पत्रकार सम्मेलनमा चार विधाका शीर्ष तीनभित्र परेका खेलाडीको मनोनयन सार्वजनिक गरेको हो । वर्ष उत्कृष्ट पुरुष खेलाडी, वर्ष उत्कृष्ट महिला खेलाडी, वर्ष उत्कृष्ट युवा खेलाडी र वर्ष उत्कृष्ट प्रशिक्षकको शीर्ष तीनमा मनोनयन गरिएको हो । वर्ष उत्कृष्ट प्रशिक्षकमा एथलेटिक्सका चन्द्रबहादुर गुरुङ, बक्सिङका दीपक महर्जन र क्रिकेटका जगत् टमाटा छन् ।

त्यस्तै वर्ष उत्कृष्ट पुरुष खेलाडीमा क्रिकेटका आशिफ शेख र रोहितकुमार पौडेल तथा एथलेटिक्सका दीपक अधिकारी शीर्ष तीनभित्र पर्न सफल भए । वर्षको उत्कृष्ट महिला खेलाडीमा बास्केटबलकी अनुशा मल्ल, एथलेटिक्सकी पुष्पा भण्डारी र राजपुरा पछाइँ तथा वर्ष युवा खेलाडीमा क्रिकेटका देव खनाल, एथलेटिक्सकी राममाया बुढा र बक्सिङकी सुष्मा तामाङ शीर्ष तीनको मनोनयनमा पर्न सफल भए ।

उत्कृष्ट तीनबाट कार्यक्रमकै दिन विजेता चयन गरिने छनोट समितिका संयोजक प्रज्वल ओलीले जानकारी दिए । यस संस्करणदेखि चार विधामा समान आठ जना मनोनयनमा समावेश गरिएको थियो । यसअघि पाँच जनाको मनोनयन सार्वजनिक हुने र तीमध्येबाट अवार्डकै दिन विजेता घोषणा गर्ने गरिन्थ्यो ।

यस संस्करणबाट अवार्ड आयोजनाको केही दिन अगाडि नै शीर्ष तीनको मनोनयन सार्वजनिक गर्न थालिएको हो । पल्सर स्पोर्ट्स अवार्डमा प्रदान गरिने नौ विधामध्ये पाँच विधाको मनोयनन कार्यक्रमअघि नै सार्वजनिक हुने परम्परा छ । पिपल्स च्वाइस विधामा भने पाँच मनोनयन नै यथावत र तीमध्येबाट अवार्डकै दिन विजेता घोषणा हुनेछ । मञ्चका महासचिवसमेत रहनुभएका खेलाडी छनोट समितिका संयोजक ओलीले वर्ष २०७९ मा उत्कृष्ट प्रदर्शन गर्ने बढीभन्दा बढी खेलाडी तथा प्रशिक्षकलाई स्पोर्ट्स अवार्डमा समेट्ने उद्देश्यअनुरूप सुरुआतमा शीर्ष आठको मनोनयन गरिएको बताए ।

'हाम्रो उद्देश्य धेरैभन्दा धेरै नेपालका खेलकर्मीले यो अवार्डप्रति अपनत्व होस् भन्ने उद्देश्य हो, त्यसैले सुरुमा आठ जनासम्म मनोनयन बढाएका हौँ', संयोजक ओलीले भने । पिपल्स च्वाइसमा फुटबलका अनन्त तामाङ, करातेका विप्लवलाल श्रेष्ठ, भलिबलकी निरुता ठगुन्ना, टेबलटेनिसकी सिक्का सुवाल श्रेष्ठ र शारीरिक सुगठनकी रजनी श्रेष्ठ मनोनयनमा परेका छन् ।

मञ्चले पिपल्स च्वाइस विधाको भोटिङ पनि अन्तिम चरणमा पुगेको जनाएको छ । उनीहरूका लागि ई-सेवाबाट भोटिङ चलिरहेको छ । स्पोर्ट्स अवार्डका अन्य विधामा पारा एथलेटिक्स सम्मान, स्पेसल अवार्ड, लाइफटाइम एचिभमेन्ट अवार्ड र एसियन स्पोर्ट्स जर्नालिस्ट अवार्डको घोषणा भने यही माघ २८ गते कार्यक्रमकै दिन हुनेछ ।

यसपटक वर्ष पुरुष, महिला, युवा, प्रशिक्षक र पिपल्स च्वाइस गरी पाँच विधाका विजेताले बजाज पल्सर मोटरसाइकल पुरस्कार पाउनेछन् । अन्य विधाका विजेतालाई जनही रु ५० हजार र बीमा पोलिसी प्रदान गरिनेछ । बीसौँ संस्करणको उक्त अवार्ड माघ २८ गते याक एण्ड यती होटलमा आयोजना हुँदैछ ।

पाकिस्तानको निर्वाचन नतिजा

# पिटिआई समर्थित स्वतन्त्र उम्मेदवारहरूको अग्रता



**इस्लामाबाद-** जेलमा रहेका पूर्वप्रधानमन्त्री इमरान खानको दल पाकिस्तान तेहरीक-ए-इन्साफ (पिटिआई) को समर्थन रहेका स्वतन्त्र उम्मेदवारले पाकिस्तानको चुनावमा सेनाको समर्थन रहेको ठानिएका दुई वंशवादी दलको अगाडि अग्रता लिएका छन् ।

खानलाई बिहीबारको चुनावमा भाग लिनबाट रोक लगाइएको थियो र उनको पार्टी पाकिस्तान तेहरीक-ए-इन्साफ (पिटिआई) ले व्यापक दमनको सामना गर्नुपरेको थियो । पिटिआईलाई चुनावी र्‍यालीहरू गर्नबाट रोकिएको थियो र पिटिआईलाई चिनिएको चुनाव चिह्न ‘क्रिकेट ब्याट’ पनि लिन दिइएको थिएन र मतपत्रबाट नै हटाइएको थियो । जसका कारण पिटिआईप्रति बफादार उम्मेदवारहरूले स्वतन्त्र रूपमा चुनाव लड्न बाध्य भएका थिए ।

तर आधिकारिक नतिजाअनुसार पिटिआईसमर्थित स्वतन्त्र उम्मेदवारले अहिलेसम्म करिब ४६ सिट जितेका छन् भने पाकिस्तान मुस्लिम लिग-नवाज (पिएमएल-एन) ले ३८ र पाकिस्तान पिपुल्स पार्टी (पिपिपी) ले ३१ सिट जितेका छन् ।

पिटिआई समर्थित उम्मेदवारहरूले जितेका अधिकांश सिटहरू खैबर पख्तुनख्वाको गढमा थिए, जबकि पञ्जाबको सबैभन्दा बढी जनसंख्या भएको प्रान्तको परिणाम अझै आउन बाँकी छ । सन् २०१८ मा सम्पन्न पछिल्लो चुनावमा पिटिआईले जितेको पञ्जावमा त्यसपहिले सरिफ परिवार ऐतिहासिक रूपमा हावी रहेको स्थान हो ।

अंग्रेजी भाषाको एक्सप्रेस ट्रिब्युन पत्रिकाको हेडलाइनमा भनिएको छ, ‘पिटिआई समर्थित उम्मेदवारहरूको बाधा र अवहेलनालाई सामना गर्दै स्वतन्त्रहरूले निर्वाचन परिणाममा चक्मा दिँदै छन् ।’ पाकिस्तानको येल विश्वविद्यालयमा राजनीतिशास्त्रका सहायक प्राध्यापक सारा खानले एएफपीसँग भनेका छन्, ‘नतिजाबारे निश्चितताको भावना थियो ।’

उनले थपे, ‘निर्वाचनबारेको निश्चितताको भावनालाई चुनौती दिँदै निर्वाचन परिणामले दलहरूलाई चकित तुल्याएको छ ।’ *रासस/एएफपी*

## जर्जियामा बन्दुकधारीद्वारा चारजनाको हत्या

**त्बिलिसी, जर्जिया-** दक्षिणपूर्वी जर्जियाली सहर रूस्ताभीमा आक्रमणकारी समूहले गाली हानी चारजनाको हत्या गरेको छ । प्रहरीले आक्रमणमा संलग्न भएको आरोपमा एक व्यक्तिलाई नियन्त्रणमा लिएको त्यहाँको गृह मन्त्रालयले शुक्रबार जनाएको छ ।

सन्१९८८ मा जन्मिएका ती संदिग्ध आक्रमणकारीले राजधानी त्बिलिसीबाट २५ किलोमिटर टाढा एक लाख २६ हजार मानिसको औद्योगिक केन्द्र रूस्तावी सहरको बजारमा केही राउण्ड गोली चलाएका थिए ।

‘बजारमा काम गर्ने संदिग्धका काकासहित चार जनाको मृत्यु भएको छ,’ मन्त्रालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।’ शंकास्पद व्यक्तिलाई घटनास्थलबाट नै सुरक्षा नियन्त्रणमा लिइएको छ मन्त्रालयले जनाएको छ ।

उक्त आक्रमणमा अर्को एक जना घाइते भएका र उनलाई अस्पताल लगिएको छ । समाचार तयार पार्दासम्म आक्रमण के उद्देश्यले गरिएको थियो भन्नेबारे अझै नखुलेको र घटनाबारे अनुसन्धान सुरु गरिएको प्रहरीले जानकारी गराएको छ ।

जर्जियामा अवैध रूपमा हतियार राख्नेलाई छ वर्षको जेल सजाय हुन सक्छ त्यसैले सशस्त्र झडपका घटना विरलै हुने गरेका छन् । गत वर्ष एक अवकाशप्राप्त सैनिक अधिकारीले देशको पूर्वी काखेती क्षेत्रमा आक्रमण गर्दा प्रहरी अधिकारीसहित पाँच जनाको मृत्यु भएको र अन्य पाँच जना घाइते भएका थिए ।

सन् २०१४ मा, जर्जीया सरकारले पहिले खुकुलो पारिएका बन्दुकसम्बन्धी कानुनहरूलाई कडा बनाएको थियो, जसले गर्दा मानिसहरूले विशेष अनुमतिविना बन्दुक किन्न वा बोक्न गैरकानुनी हुने घोषणा गरिएको थियो । *रासस/एएफपी*

## शान्तिका लागि एकजुट हुन राष्ट्रसंघको आह्वान



**संयुक्त राष्ट्रसंघ-** संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले बिहीबार शान्तिका लागि एकजुट हुन आह्वान गरेका छन् ।

सन् २०२४ को प्राथमिकताबारे न्युयोर्कस्थित संयुक्त राष्ट्रसंघको मुख्यालयमा आयोजित पत्रकार सम्मेलनमा उनले न्यायपूर्ण र दिगो शान्ति कायम गर्न संयुक्त राष्ट्रसंघको बडापत्र र अन्तर र्राष्ट्रिय कानुनअनुरूप शान्तिका लागि काम गर्नु आवश्यक रहेको बताएका हुन् ।

एकीकरण लामो र विस्तृत एजेन्डा भएको बताउँदै उनले विभिन्न चुनौतीहरू साझा सूत्रद्वारा जोडिएको, आयामहरूमा शान्तिको आवश्यकता भएकोले शान्ति एकीकरणको बन्धन भएको बताएका छन् ।

युगौं पुरानो आणविक खतरा, जलवायु आपत्काल, र कृत्रिम बौद्धिकताको अनियन्त्रित चुनौतीहरूको बीचमा एकताबद्ध र संगठित प्रतिक्रियाको आवश्यकता रहेको पनि उनले बताए ।

कृत्रिम बौद्धिकताबाट उत्पन्न खतरालाई सम्बोधन गर्न, जलवायु परिवर्तन नियन्त्रण गर्न तथा दिगो विकास लक्ष्यहरू प्राप्त गर्न, अगाडि बढ्ने बाटो चुनौतीपूर्ण भए पनि स्पष्ट रहेको उनको धारणा थियो । डरलाग्दा चुनौतीका बीचमा जटिल बाटो छिचोल्दै शान्ति र एकताको आह्वान संयुक्त राष्ट्रसंघ भित्र तथा बाहिर गहन आवश्यकता रहेको उनले बताए । *रासस/सिन्ह्वा*

## रूससँगको बन्दी आदानप्रदानमा १०० युक्रेनी स्वदेश फर्के

**किभ-**सेवा व्यक्तिहरू रूससँगको नयाँ कैदी आदानप्रदान प्रक्रियाअन्तर्गत १०० युक्रेनी सुरक्षाकर्मी घर फर्केको युद्ध बन्दीहरूका उपचारको समन्वयका लागि स्थापित केन्द्रीय कार्यालयले बिहीबार जनाएको छ ।

स्वदेश फिर्ता गरिएकामध्ये ८० भन्दा बढी मारिउपुल सहर र अजोभस्टल स्टिल प्लान्ट संरक्षणका लागि लडेका सैनिकहरू रहेका छन् । यसबाहेक, डोनेट्स्क र लुहान्स्कमा लडाइँमा भाग लिने सिपाहीहरूलाई पनि बन्दी आदानप्रदानअन्तर्गत रिहा गरिएको छ ।

मुक्त भएकामध्ये २८ जना गम्भीर घाइते भएका र गम्भीर रोगबाट पीडित रहेको छन् । युक्रेन र रूसबीच सन् २०२२ मार्चपछि ५१ पटक बन्दी आदानप्रदान भएको र यसअन्तर्गत रूस-युक्रेन द्वन्द्वमा बन्दी बनाइएका कूल तीन हजार १३५ युक्रेनीमध्ये धेरैलाई रिहा गरिएको छ । *रासस/सिन्ह्वा*

## फिलिपिन्समा पहिरो गएको ६० घण्टापछि ‘चमत्कारिक’ उद्धार



**मनिला-** फिलिपिन्सको दक्षिणी क्षेत्रमा सुन खानीमा पहिरो जाँदा पुरिएको गाउँबाट करिब ६० घण्टापछि शुक्रबार एक बालिकालाई उद्धार गरिएको छ । वर्षाका कारण आएको पहिरोमा परी कम्तीमा १५ जनाको मृत्यु भएपछि बेपत्ता भएका १०० जनामध्ये उद्धार गरिएकी बालिकाको उमेर खुलाइएको छैन ।

दक्षिणी मिन्डानाओ टापुको मसारा गाउँमा उद्धारकर्मीहरूले आफ्नो खाली हात र बेल्चा प्रयोग गरेर बाँचेकाहरूको खोजी गरिरहेको अवस्थामा उनी फेला परेको डाभाओ डी ओरो प्रान्तका विपद् निकायका अधिकारी एडवर्ड म्याकापिलीले एएफपीलाई बताए । ‘यो एक चमत्कार हो,’ मकापिलीले भने, ‘यसले उद्धारकर्ताहरूलाई आशा जगाएको छ । बच्चाको लचिलोपन सामान्यतया वयस्कहरूको तुलनामा कम हुन्छ, तैपनि बच्चा बाँचेको छ ।’

खोजीकर्ताहरूले हराएका बाँकी व्यक्तिहरू जीवित भेटिने आशा निकै कम रहेको बताएका छन् । एक उद्धारकर्मीले रोइरहेको, माटोले पोतिएको बच्चालाई काखमा लिएर गएको भिडियो फेसबुकमा सेयर गरिएको छ । म्याकापिलीले भने, ‘सामाजिक सञ्जालको पोस्टमा बच्चालाई कुनै पनि चोटपटक नलागेको अवस्थामा देखिन्छ ।’

बालिकालाई स्वास्थ्य परीक्षणका लागि लैजानुअघि उनका पिताले बच्चालाई भेटेको स्थानीय सञ्चारमाध्यमले अधिकारीहरूलाई उद्धृत गरी उल्लेख गरेका छन् । मंगलबार राति आएको पहिरोले घरहरू भत्कनुका साथै सुनखानीबाट कामदार लिन पर्खिरहेका तीनवटा बस र जीपसमेत जलेका थिए । घटनामा कम्तीमा १५ जनाको मृत्यु हुनुका साथै ३१ जना घाइते भएका छन् भने १०० भन्दा बढी अझै हराइरहेका सरकारी अधिकारीहरूले बताएका छन् ।

शुक्रबार यस क्षेत्रमा वर्षा भएपछि खोजीकर्ताहरूले समय र मौसमसँग जुध्दै बाक्लो हिलोमा अरू कोही पनि जीवित फेला पार्ने आशामा उद्धारलाई निरन्तरता दिइरहेका छन् । उद्धारकर्ताहरूले ठाउँठाउँमा गह्रौं माटो सार्ने उपकरणहरू प्रयोग गरिरहेका छन् तर तिनीहरूले आफ्नो नांगो हात र बेल्चाको भरमा दर्जनौं व्यक्तिलाई सकुशल र १५ जनालाई मृत अवस्थामा पहिरोबाट बाहिर निकालेका छन् ।

माटो र भग्नावशेषमा पुरिएकाहरू पत्ता लगाउन खोजी कुकुरको पनि प्रयोग गरिएको छ । मिन्दानाओको केही भागमा हप्तौंदेखि परेको वर्षाका कारण दर्जनौं पहिरो र बाढीका कारण दशौं हजार मानिस आपत्कालीन आश्रयस्थलमा बस्न बाध्य भएका छन् ।

हालैका महिनाहरूमा आएको विनासकारी भूकम्पले पनि यस क्षेत्रलाई अस्थिर बनाएको छ । थप पहिरो जाने डरले मसरा र आसपासका चार गाउँका सयौं परिवारले आफ्नो घर छोडेर आपत्कालीन केन्द्रमा आश्रय लिनु परेको छ । नगरपालिकाभरका विद्यालयले पठनपाठन बन्द गरेका छन् ।

सन् २००७ र २००८ मा गएको पहिरोपछि पहिरो प्रभावित क्षेत्रलाई ‘नो बिल्ड जोन’ घोषणा गरिएको तर गाउँलेहरूले आफ्नो जन्मथलो छोड्न नमान्दा पहिरोबाट पीडित हुनुपरेको मकापिलीले बताए । उनले भने, ‘सरकारले उनीहरूलाई सार्न गरेको आग्रहलाई मानेको भए दुर्घटना हुने थिएन ।’ *रासस/एएफपी*


### जापानमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KANKYO SANARU JIGYO KYODO KUMIAI

पूर्व स्वीकृति मिति २०८०/१०/२६ | LT. No. 299665 | चलानी नं. ६०२१४६०३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | Yen | ने.रू. | | | | | | | |
| 1 | Auto Mechanic | 1 | 0 | 169,866 | १,५०,७६० | क.नि. अनुसार | ६ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन ५ गते (17th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः ७०,०००/-

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूः
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः जम्मा रू. ३५,०००/- (पैतिस हजार) मात्र ।
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

ALL RAHIM MANPOWER PVT. LTD.
श्रम ईजाजत नं. १२६४/०७४/०७५
Chandol-4, Chappalkarkhana, Kathmandu, Nepal Tel: +977-1-4544419, 4544429, Mob. 9851141406, 9803922236 E-mail: allrahimhr@gmail.com / info@allrahimmanpower.com, Website : allrahimmanpower.com

### युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EMIRATES GATEWAY SECURITY SERVICES - LLC

पूर्व स्वीकृति मिति : २०८०/०५/२९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२६ | LT. No.292545 | चलानी नं.६०२०७७९९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Security Guard | 226 | 0 | 2000 | ७२,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः पोखरा म.न.पा ८, चिप्लेढुंगा, बाजेको सेकुवामा मितिः २०८० फागुन ६ गते (18th Feb. 2024) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन ७/८ गते (19/20 Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कःनिःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ALPHA SIGMA OVERSEAS PVT. LTD.
श्रम ईजाजत नं. ५१६/०६१/०६२
P.O.Box : 10443, Sinamangal-09, Kathmandu, Nepal
Tel : +977-1-4561946, 4561827 Fax : +997-1-4465976
E-mail : alphasigmanepal@gmail.com, alphanepal@wlink.com.np,Website : www.lmperial.com.np

### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-SHAM DIAMOND CLINICS COMPLEX COMPANY

पुर्व स्वीकृति मिति २०८०/१०/२५ | LT No : 299693 | चलानी नं ६०२१४५९४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Upload And Download Worker | 2 | 0 | 1200 | ४२,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन ६ गते (18th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५०० कामदार आफैले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CHANDANI MANAGEMENT SERVICES PVT. LTD.
श्रम ईजाजत नं. ८३४/०६६/०६७
Basundhara-3, Kathmandu , Tel: +977-1- 4955422, 4960522
E-mail: info.cmservices2009@gmail.com, Website : www.chandanimanpower.com

### युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : VRINDAVAN STAR SECURITY SERVICES LLC

पूर्व स्वीकृति मितिः २०८०/१०/०७ | LT. No.298534 | चलानी नं. ६०२१४५८९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Security Guard | 50 | 0 | 1200 | ४३,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन ६ गते (18th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रोजगारदाता आफैले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Ace Recruitment Pvt. Ltd.
श्रम ईजाजत नं. १६२६/०७९/०८०
Prakash Ashram Road, Near Int'l Airport, Kathmandu, Nepal, Tel: +977 1-5914502, 1-5914503, 9801316307, 9801316308
WhatsApp: +977 9801316307, Mail: cv.acenepal@gmail.com, jobs.acerecruitment@gmail.com, Web: www.acerecruitment.com.np



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११८५०० | प्रति तोला – ११७९५० | प्रति तोला – १३९० |



**आलु खेती** नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी दाङले घोराही उपमहानगरपालिका–१६ स्थित गरुवागाउँमा साढे तीन बिगाह क्षेत्रफलको जग्गामा व्यवसायिक रूपमा गरेको आलु खेती। पार्टीले गत वर्षदेखि गरुवागाउँमा रहेको जयशेर माध्यामिक विद्यालय रावतगाउँको ६ बिघा क्षेत्रफलको जग्गा १० वर्षका लागि भाडामा लिएर सामूहिक रूपमा कृषि उपज उत्पादन गर्दै आइरहेको छ। प्रति बिघा वार्षिक २३ हजारका दरले १० वर्षका लागि भाडामा लिएको जग्गामा आलु खेती गरेको छ। *तस्बिरः कुलदीप न्यौपाने/रासस*

## ‘संकटमा पुगेको अर्थतन्त्र लयमा फर्किएको छ’

■ प्रभाव संवाददाता



**त्रिशूली (नुवाकोट)** – प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले कमजोर अवस्थामा पुगेको देशको अर्थतन्त्र क्रमशः सुधारको बाटोमा ल्याउन सफल भएको बताएका छन् । नुवाकोटको विदुरमा शुक्रबारदेखि सुरु भएको आठौं नुवाकोट महोत्सवलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले एक वर्षअघि आफू प्रधानमन्त्री हुँदाको समयमा निकै संकटमा पुगेको देशको अर्थतन्त्र अहिले लयमा फर्किएको स्पष्ट पारेका हुन् ।

‘अर्थतन्त्र सुधारका सूचकहरू अहिले सकारात्मक अवस्थामा छन्’, उनले भने, ‘देश र विदेशका विभिन्न निकाय तथा सरोकारवालासँग निरन्तरको बहसका क्रममा प्रधानमन्त्री कार्यालय, अर्थ मन्त्रालय र राष्ट्र बैंकको थुप्रै प्रयासले संकटमा पुगेको अर्थतन्त्र लयमा ल्याउन सफल भएका हौं ।’ तेह्र महिनाअघि आफू तेस्रो पटक प्रधानमन्त्री हुँदा कमजोर भएपनि अशिले अर्थतन्त्रमा निकै सुधार भएकाले यही क्रम रहेमा विस्तारै मुलुकलाई समृद्धितर्फ लैजान सकिने प्रधानमन्त्री दाहालको विश्वास छ ।

‘अहिले बैंकको ब्याजदर घट्दै गएको छ। पर्यटनको आवागमनमा सुधार तथा राजस्व संकलनमा १० प्रतिशतले वृद्धि हुँदै विदेशी मुद्राको सञ्चिती इतिहासमा नै सुधार गरेर एक वर्षलाई पुग्ने बनाएका छौं’, उनले भने, ‘रेमिट्यान्समा ३० प्रतिशत वृद्धि, जग्गाको कारोबार चलायमान र जलवायु परिवर्तनको कारण पुगेको असरलाई प्रतिरक्षा गर्न प्राप्त अन्तर्राष्ट्रिय सहयोगको आकार बढाउँदै ल्याएकाले कमजोर बनेको अर्थतन्त्र लयमा फर्किएको हो ।’

आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम एवं बजेट निर्माणको कार्य प्रारम्भ भएकाले सुध्रिएको अर्थतन्त्रको कारण उत्पादन, रोजगार र जनमुखी बजेट ल्याउन केन्द्रित हुने प्रधानमन्त्री दाहालले उल्लेख गरे । उत्पादन र रोजगारका निमित्त कृषि क्षेत्रको विकासलाई आधुनिकीकरणतर्फ लम्काउने प्रयासमा वर्तमान सरकार सक्रियरूपमा लागिरहेको उनको भनाइ थियो । पर्यटन क्षेत्रको विकासका लागि छिमेकी मुलुक चीन र भारतीय समकक्षीसँग छलफल भइरहेकाले देशको विकास र समृद्धि छिट्टै नयाँ चरणमा प्रवेश गर्ने प्रधानमन्त्री दाहालले विश्वास व्यक्त गरे ।

## ‘सगरमाथा विमानस्थल निर्माण छिट्टै सुरू’

■ प्रभाव संवाददाता

**उदयपुर** – संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीले त्रियुगा नगरपालिका-१ जोगिदहमा प्रस्तावित सगरमाथा विमानस्थलको निर्माण तत्काल अघि बढाइने बताएका छन् ।

शुक्रबार उक्त क्षेत्रको निरीक्षणपछि उनले उक्त विमानस्थल निर्माणका लागि पटक-पटक आवाज उठिसकेकाले मन्त्रालयले अब प्रक्रिया छिट्टै अघि बढाउने बताए । ‘विमानस्थल निर्माणका लागि रु पाँच करोड बजेट बिनियोजन भइसकेको छ भने मन्त्रालयले काम अघि बढाइसकेको छ’, उनले भने ।

कोशी प्रदेशको पर्यटन प्रवर्द्धनका लागि उदयपुरको जोगिदहमा निर्माण हुने विमानस्थल महत्वपूर्ण भएको उनको भनाइ छ । भारतदेखि भुटानसम्मका पर्यटकलाई सगरमाथा क्षेत्रको भ्रमण गर्न र खोटाङको हलेसी महादेवसम्मको पर्यटन प्रवर्द्धन र विकासका लागि विमानस्थलको महत्वपूर्ण भूमिका रहने उनले बताए ।

त्यस अवसरमा सगरमाथा हवाई मैदान निर्माण उपभोक्ता समितिका अध्यक्ष वीरेन्द्र बस्नेतले तत्काल विमानस्थलको निर्माण प्रक्रिया अगाडि बढाउन आवश्यक रहेको बताए । ‘उदयपुरबासी तथा सगरमाथा क्षेत्रको जनताको ६० वर्षदेखिको वर्तमान सरकारले पूरा गर्नुपर्छ’, उनले भने ।

विमानस्थल सञ्चालनमा आउँदा सुनकोशीको दोलालघाटदेखि सप्तकोशीको चतरासम्मका ¥याफ्टिङ र चतराबाट उदयपुरको सगरमाथा हवाई मैदान भएर हिमाली क्षेत्र भ्रमण गर्न, हलेसी क्षेत्र पुग्नका लागि सहज हुने उनको भनाइ थियो ।

हवाई मैदान निर्माण समितिका सदस्य तथा नेपाल कम्युनिस्ट पार्टी (एमाले)का नेता राजकुमार राईले विमानस्थल सञ्चालनमा आए सप्तरी, सिरहा, उदयपुर, खोटाङ, ओखलढुंगा, भोजपुरका साथै भातरीय र भुटानबाट पर्यटक ल्याउन सकिने बताए ।

विमानस्थल निर्माणका लागि रु दुई करोडभन्दा बढी खर्च भइसकेको र वन तथा वातावरण मन्त्रालयले जग्गा भोगाधिकार दिइसकेको भन्दै उपभोक्ता समितिका सदस्य रुद्र अधिकारीले विमानस्थल निर्माणका लागि स्वीकृति प्राप्त भइसकेको बताए । उनका अनुसार विमानस्थल निर्माणका लागि एक सय ५६ दशमलव ११ हेक्टर जग्गा व्यवस्थापन भइसकेको छ । यहाँ कूल एक हजार चार सय मिटर लम्बाई र ४० मिटर चौडाईको विमानस्थल निर्माण हुने छ ।

## ‘अर्थतन्त्रका केही सूचकमा सुधार’

**पोखरा (प्रस)** – नेकपा (एमाले)का उपाध्यक्ष एवं पूर्वउपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले विप्रेषणको आप्रवाह, विदेशी मुद्राको सञ्चितिलगायत अर्थतन्त्रका कतिपय सूचकमा सामान्य सुधार देखिएको बताएका छन् । नेपाल दूरसञ्चार राष्ट्रिय कर्मचारी संगठनको ११औं केन्द्रीय परिषद्को पोखरामा उद्घाटन गर्दै उनले मुलुकको अर्थतन्त्रमा केही सुधारका संकेत देखिए पनि समस्याबाट भने मुक्त भइनसकेको विचार राखे ।

‘राजस्वले साधारण खर्च पनि धान्न नसक्ने स्थिति छ, आन्तरिक ऋण उठाएर कर्मचारीलाई तलब र सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने अवस्था सिर्जना भएको छ’, पूर्वअर्थमन्त्री पौडेलले भने, ‘सरकारले राष्ट्रिय गौरवका विकास आयोजनाको भुक्तानीसमेत दिन सकिरहेको छैन, वैदेशिक ऋण र अनुदानमा कटौती भएको छ ।’

पूँजीगत खर्च न्यून भएको भन्दै उनले राजस्वको परिचालन सन्तोषजनक नरहेको धारणा राखे । माग, आपूर्ति, उत्पादन, आयात, निर्यात आदि घट्दा अर्थतन्त्र सुस्ताएको पौडेलले बताए । विदेशी मुद्राको सञ्चिति बढे पनि सरकारले उपयुक्त काममा विदेशी मुद्रालाई खर्च गर्न नसकेको उनको भनाइ छ ।

अर्थतन्त्रलगायत मुलुकका सबै क्षेत्र दुरुस्त हुन पहिले राजनीति दुरुस्त हुनुपर्ने एमाले उपाध्यक्षसमेत रहनुभएका पौडेलले बताए । संसद्मा रहेको अंकगणितका कारण तत्काललाई वर्तमान सरकारको कुनै विकल्प नेदिखएको उनले बताए । नेपाल टेलिकमलाई सक्षम व्यवस्थापन र गुणस्तरीय सेवाका आधारमा प्रतिस्पर्धी कम्पनी बनाउन सकिने भन्दै उनले त्यसतर्फ सक्रिय हुन संगठनका पदाधिकारी तथा सदस्यहरूलाई आग्रह गरे ।

## सुन्तलाबाट वार्षिक १० लाख आम्दानी

**भोजपुर**– सुन्तला बिक्रीबाट यहाँका किसानले मनग्य आम्दानी गर्दै आएका छन् । भोजपुरको टेम्केमैयुङ-३ अन्नपूर्णका किसान बद्रीप्रसाद अधिकारीले सुन्तला बिक्रीबाट वार्षिक रु १० लाख आम्दानी गर्दै आएका छन् । त्रिचालिस वर्षअघिदेखि ३३ रोपनी क्षेत्रमा व्यावसायिकरूपमा सुन्तलाखेती गर्दै आएका किसान अधिकारीले आफ्नो बगानमा रहेका तीन सय ७५ बोट सुन्तलाले आम्दानी दिँदै आएको जानकारी दिए । ‘मैले विगत ४३ वर्षदेखि व्यावसायिक सुन्तलाखेती गर्दै आएको छु’, उनले भने, ‘सुन्तला बिक्रीबाट रु १० लाख वार्षिक आम्दानी हुन्छ । यसबाट भएको आम्दानीले दुई छोरालाई इञ्जिनियर र एक छोरीलाई बैंकको जागिरे बनाएको छु । मेरो मुख्य आम्दानीको स्रोत सुन्तला बनेको छ ।’

विगतमा यहाँका स्थानीय बजारमा मात्र बिक्री हुने भन्दै अधिकारीले पछिल्लो समय सडक विस्तारका कारण बिक्री वितरणमा सहज बनेको बताए । अहिले बगानबाट नै धरान, इटहरी, विराटनगरलगायतका सहरमा पुग्न थालेपछि किसानले राम्रो मूल्य पाएका हुन् । उत्पादित सुन्तलाको बिक्रीका लागि बजारको समस्या नभएको उनको भनाइ थियो ।



एकपटक हुर्काएपछि सुन्तलाखेती दिगो आम्दानीको स्रोत बन्ने अधिकारीले बताए । एक पटक बिरुवा हुर्किसकेपछि एक सय वर्षसम्म लाभ लिन सकिने भएकाले भविष्यको पनि राम्रो आम्दानीको स्रोत बन्ने उनको भनाइ छ । ‘सुन्तलाखेती भविष्यको राम्रो आम्दानीको स्रोत हो’, उनले भने, ‘एक पटक बिरुवा हुर्काएपछि लामो समयसम्म निरन्तर आम्दानी हुन्छ । सामान्यरूपमा बगानको हेरचाह मात्र गरे हुन्छ, धेरै दुःख गर्न पर्दैन ।’

व्यावसायिक सुन्तलाखेतीमा लागेका अधिकारी जिल्लाको एक उदाहरणीय किसान बनेका छन् । आफैँले बिक्री गर्न ठूला बजारसम्म लैजानसके हालकोभन्दा राम्रो मूल्य लिन सकिने उनको भनाइ छ । सिँचाइ तथा आधुनिक प्रविधिको विकासमा जोड दिनसके अझ राम्रो आम्दानी गर्न सकिने किसान अधिकारीको भनाइ छ । पछिल्लो समय यो क्षेत्रका धेरै युवा व्यावसायिक सुन्तलाखेती विस्तारमा जुटेको उनले बताए । कृषिलाई पहिलो प्राथमिकतामा राखेर काम गरिरहेको टेम्केमैयुङ गाउँपालिका उपाध्यक्ष रमादेवी राईले बताए । गाउँपालिकाले यहाँका किसानलाई लक्षित गरेर प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिरहेको उनले जानकारी दिए ।

‘गाउँपालिकाले कृषि र पर्यटनलाई प्राथमिकतामा राखेर काम गरिरहेको छ’, उपाध्यक्ष राईले भने, ‘यहाँको माटो सुहाउँदो बालीमा जोड दिएका छौं । गाउँपालिकालाई कृषिमा आत्मानिर्भर बनाउने लक्ष्यका साथ अघि बढेका छौं ।’किसानलाई बहुवर्षीय बालीखेतीका लागि प्रोत्साहन गर्दै आएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विकेन पौडेलले बताए । किसानको आवश्यकतालाई ध्यानमा राखेर सुन्तला, किबीलगायत खेतीमा जोड दिइएको उनको भनाइ छ ।

‘हामीले कृषिलाई व्यावसायिक बनाउने लक्ष्यका साथ कार्यक्रम सञ्चालन गरिरहेका छौं’, प्रशासकीय अधिकृत पौडेलले भने, ‘बहुवर्षीय बालीको खेती विस्तारमा जोड दिएका छौं । किसानलाई आवश्यकताका आधारमा विभिन्न सहयोग गर्दै आएका छौं । कृषिलाई व्यावसायिक बनाएर यहाँको आम्दानीको स्रोतका रूपमा जोड्ने हाम्रो लक्ष्य छ ।’सुन्तलाखेती विस्तारका लागि बर्सेनि बिरुवा वितरण गर्दै आइएको वडाध्यक्ष पूर्णप्रसाद राईले बताउनुभयो । यहाँका साविक ९, ४, ५, ६ ८ वडाका करिब दुई सय घर परिवार सुन्तलाखेतीमा आबद्ध रहेको उनको भनाइ छ ।

‘यहाँका अधिकांश किसानले सुन्तलाखेती गर्दै आएका छन्’, वडाध्यक्ष राईले भने, ‘खेती विस्तारमा जोड दिन किसानलाई बर्सेनि बिरुवा वितरणसँगै आवश्यक सहयोग गर्दै आएका छौं । सुन्तला किसानको राम्रो आम्दानीको स्रोत बनेको छ ।’कृषिमा आत्मनिर्भर बनाउने लक्ष्यका साथ काम अघि बढाएको गाउँपालिका अध्यक्ष सरोज बस्नेतले बताए । *रासस*

## माथिल्लो ठूलोखोला ‘ए’को ४० प्रतिशत काम सम्पन्न

■ प्रभाव संवाददाता

**म्याग्दी (बेनी)** – म्याग्दीको रघुगंगा गाउँपालिकामा निर्माणाधीन माथिल्लो ठूलोखोला ‘ए’ जलविद्युत् आयोजनाको ४० प्रतिशत निर्माण सकिएको छ । ठूलोखोला हाइड्रोपावर लिमिटेडले वडा नं ७ चिमखोला र ८ कुइनेमंगलेको सीमा क्षेत्रमा निर्माण गर्न लागेको २२ दशमलव ५ मेगावाट क्षमताको उक्त आयोजनाले निर्माणलाई तीव्रता दिएको हो ।

गत वर्षको चैतदेखि पूर्वाधार निर्माण सुरु गरेको यस आयोजनाले पाइपलाइन र बाँधतर्फको कामलाई तीव्रता दिएको आयोजना प्रमुख लोकबहादुर नायकले जानकारी दिए । उनका अनुसार सुरुङरहित यस आयोजनामा कूल दुई हजार आठ सय मिटर पाइपलाइन निर्माण हुनेछन् ।

‘हेडरेष्ट, सर्जट्यांक र पेनस्टक सबैतर्फ पाइपलाइन जडान गर्छौं । अहिलेसम्म एक हजार दुई सय मिटर पाइपलाइन जडानको काम सकिएको छ’, प्रमुख नायकले भने, ‘पाइप ढुवानीसँगै जडानको कामले तीव्रता पाएको छ ।’ आयोजनाको पूर्वाधारतर्फको ठेक्का देव ऊर्जा कन्ट्रक्सन प्रालिले लिएको छ ।

सुँगुरथलामाथि रघुगंगा नदीमा बनाउने बाँधबाट पाइपलाइन हुँदै ल्याउने पानीलाई सेतिनी भ्यालीको फेदीमा रहने विद्युत्गृहमा खसालेर उत्पादन हुने विद्युत्लाई दानामा निर्माण भएको सवस्टेशनमा जोडेर राष्ट्रिय प्रसारणमा जोडिनेछ । अहिले प्रसारण लाइन निर्माणका लागि टावर बनाउने काम अघि बढेको आयोजनाले जनाएको छ ।

आयोजनाले आगामी २०८२ वैशाखभित्रमा विद्युत् उत्पादन गर्ने लक्ष्य राखेको छ । दैनिकरूपमा दुई सय ५० जना मजदुर परिचालन गरेको काम भइरहेको आयोजना प्रमुख नायकले जानकारी दिए । उनका अनुसार बाँधतर्फ ड्याम, अण्डर सुलुस, बालुवा थिग्राउने पोखरीलगायतका पूर्वाधारको काम धमाधम भइरहेको छ ।

विद्युत्गृहको जग्गा व्यवस्थापन गरेर कटिङ र जग्गा संरक्षणको लागि पूर्वाधार निर्माण भइरहेको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ